# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक ३४७ बिहीबार, २९ माघ २०८२ SOURYA NATIONAL DAILY Thursday, 12 February 2026 पृष्ठ : ८+४ मूल्य रू. १०


■ 'भरत ताल' भ्रष्टाचारमा अख्तियारको सिलसिलेवार अनुसन्धान

## तेस्रो मुद्दामा पनि तानिए तत्कालीन मेयर थापा



**थापाविरुद्ध अख्तियारले दायर गरेका मुद्दा**

■ **२८ चैत, २०८०**
गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी (विशेषबाट दोषी ठहर)

■ **२९ जेठ, २०८१**
भरत ताल निर्माणमा भ्रष्टाचार (विशेषबाट दोषी ठहर)

■ **४ जेठ, २०८२**
तालको नाममा अनुदान मागेर भ्रष्टाचार (विशेषमा विचाराधीन)

■ **२८ माघ, २०८२**
तालकै निर्माणका लागि अवैध उत्खनन र राजस्व चुहावट (विशेषमा विचाराधीन)

**सौर्य समाचार**

काठमाडौँ । सर्लाहीको सागरनाथ वन विकास परियोजनाअन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा अवैध उत्खनन गरी करोडौँ रुपैयाँ राजस्व चुहावट गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १३ जनाविरुद्ध मुद्दा दायर गरेको छ । आयोगले परियोजनाका तत्कालीन परियोजना प्रमुख तथा बाग्मती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापासहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । यसअघि यसै पोखरीमा भएको भ्रष्टाचारको अर्को प्रकरणमा दोषी ठहर भइसकेका थापामाथि अख्तियारले अर्को मुद्दा दायर गरेको हो । सागरनाथ परियोजनाअन्तर्गत राष्ट्रिय वन क्षेत्रको जग्गामा वन पैदावारका रूपमा रहेको ढुंगा, गिट्टी, बालुवा र मिस्कटको उत्खनन, संकलन, बिक्रीवितरण, दुरुपयोग गरी/गराई ७ करोड ३८ लाख ९३ हजार ५०८ फिट वन पैदावारको रोयल्टीबापतको बिगो ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँ राजस्व चुहावट गरेको आरोपमा बिगो मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरिएको हो । परियोजनाअन्तर्गत नै पर्ने 'भरत ताल' निर्माणका क्रममा वन पैदावार उत्खनन गरेर आफूखुसी बेचेको तथा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ आफ्नै नामको तालमा गरेको भ्रष्टाचारले डुबेका थापा

मंगलबारको मुद्दासँगै अख्तियारले थापाविरुद्ध विशेष अदालतमा दायर गरेको मुद्दाको संख्या ४ पुगेको छ । त्यस्तै, थापाविरुद्धको एउटा मुद्दा सर्लाहीले जिल्ला अदालतमा पनि छ । ५ मुद्दामध्ये एउटा गैरकानुनी सम्पत्ति आर्जनको छ भने बाँकी ४ वटा मुद्दा भारत ताल निर्माणमा गरेको भ्रष्टाचारको विषयमा छ । थापाविरुद्ध अख्तियारले दायर गरेकामध्ये २ वटाको मुद्दा विशेषबाट किनारा लागेको छ । थापासहित ६ जनाविरुद्ध गत वैशाखमा भरत तालकै विषयमा जिल्ला अदालत सर्लाहीमा मुद्दा दायर भएको थियो । ▸▸▸ बाँकी पृष्ठ ६

प्रतिनिधिसभा चुनाव

## जहाँ हुनेछ पुस्तान्तरणको वास्तविक लडाइँ

■ ६० माथिका 'राजनीतिक खेलाडी'लाई ४० मुनिका युवाको कडा चुनौती

**विक्रम रत्न**

काठमाडौँ । २१ फागुनको प्रतिनिधिसभा चुनावमा केही यस्ता क्षेत्र छन्, जहाँ राजनीतिक 'खेलाडी' मानिएका हेभिवेट नेताहरूलाई युवा पुस्ताले कडा चुनौती दिँदै छन् । पटक-पटक उम्मेदवार बनेर निर्वाचित भएका र शक्तिशाली मन्त्री तथा प्रधानमन्त्री बनेका 'वृद्ध' नेताहरूलाई ४० वर्षमुनिका युवा पुस्ताले कडा टक्कर दिएका छन् । एक हिसाबले यस पटकको चुनाव पुस्तान्तरणको लडाइँ बन्ने निश्चित देखिएको छ । पार्टी र राजकीय सत्ताको हालिमुहाली गरेका चतुर खेलाडी र राजनीति सफा गर्न भनेर कस्सिएको युवा पुस्ताबीच रोचक प्रतिस्पर्धा हुने देखिएको छ ।

खासगरी कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूसँग प्रतिस्पर्धा गर्न नयाँ दलका र स्वतन्त्र युवा मैदानमा होमिएका हुन् । दलहरूमा रूपान्तरण र पुस्तान्तरणको बहस चर्किँदै गइरहेका बेला प्रतिनिधिसभा चुनावमा भने वास्तविक अर्थमा पुस्तान्तरणको लडाँइ सुरु भएको हो । करिब सबै निर्वाचन क्षेत्रमा ४० वर्षभन्दा मुनिका उम्मेदवार प्रशस्त छन् । कतिपय स्थानमा पुस्तान्तरणको मुद्दा बोकेर प्रतीकात्मक रूपमा युवाहरू प्रतिस्पर्धामा उत्रिएका छन् भने कतिपय स्थानमा शीर्ष नेताहरूलाई हराएर संसदीय यात्रा तय गर्ने मनोबलसहित चुनावमा होमिएका छन् ।









### ■ आफ्नै किल्लामा ओलीलाई भारी बन्दै बालेन

यस पटकको चुनावी इपिसेन्टर बनेको झापा-५ मा २०४८ सालयताका चुनावमा एक पटकबाहेक निरन्तर जित्दै आएका एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई काठमाडौँ महानगरका पूर्वमेयर बालेन शाहले चुनौती दिएका छन् । ४ पटक प्रधानमन्त्री बनिसकेका ७४ वर्षीय ओली भावी प्रधानमन्त्रीको उम्मेदवार बन्ने घोषणा गरेरै सातौँ जितको खोजीमा रहँदा ३६ वर्षीय बालेन उनको विजयी यात्रामा अवरोध खडा गर्ने प्रयासमा छन् । रास्वपाले पनि बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रोजेक्सन गरेको छ । २०७९ सालको स्थानीय तह चुनावमा स्वतन्त्र उम्मेदवारी दिएर मेयरमा जितेका बालेन ओलीलाई रोक्दै संसदीय राजनीतिमा डेब्यूको तयारीमा छन् । उनी झापा-५ बाट जित्ने मात्रै दाउमा छैनन्, रास्वपालाई बहुमत दिलाएर आगामी सरकारको नेतृत्व गर्ने महत्वाकांक्षा राखेर पार्टीको पक्षमा महोल बनाउँदै देश दौडाहामा छन् । ओलीसँग प्रतिस्पर्धा गर्न श्रम संस्कृति पार्टीका ३३ वर्षीय समीर तामाङ र नेकपा (माओवादी)का ३२ वर्षीय सञ्जय राई पनि मैदानमा छन् ।

### ■ जित खोज्दै रुकुम पुगेका प्रचण्डलाई २८ वर्षीय सन्दीपको चुनौती

आगामी चुनावपछि घोषित उम्मेदवारहरू कोही पनि प्रधानमन्त्री नबन्ने, बरु आफ्नो पार्टीले बहुमत ल्याएर आफू प्रधानमन्त्री बन्ने दाबी गर्दै आएका नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई २८ वर्षीय सन्दीप पुनले चुनौती दिएका छन् । ३ पटक प्रधानमन्त्री बनिसकेका प्रचण्ड गृहजिल्ला चितवन र यसअघिको क्षेत्र गोरखा-२ असुरक्षित महसुस गर्दै जितको खोजीमा रुकुमपूर्व पुगेका हुन् । उनी माओवादी पृष्ठभूमिका पुनले प्रतिस्पर्धा गर्दै छन् । सहिद परवारका पुन प्रगतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेका हुन् । त्यस्तै, प्रचण्डविरुद्ध एमालेका ३८ वर्षीय लीलामणि गौतम र राप्रपाका ३० वर्षीय रोषण शाह पनि प्रतिस्पर्धामा छन् ।

### ■ ६० माथिका यी शीर्ष र चर्चित नेता, जो भिड्दै छन् छोरा-नाति पुस्तासँग

रौतहट-१ बाट उम्मेदवार बनेका नेकपाका सहसंयोजक ७० वर्षीय पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग पनि ४० मुनिका युवाहरू प्रतिस्पर्धामा छन् । जय मातृभूमि पार्टीबाट ३२ वर्षीय रञ्जितकुमार पटेल र उज्यालो नेपाल पार्टीबाट ३३ वर्षीय उमेशकुमार शाहलगायत युवाहरू सो क्षेत्रबाट लड्दै छन् । ▸▸▸ बाँकी पृष्ठ ६



## खर्च गर्नै सक्दैनन् प्रदेश सरकार

■ विकास खर्चमा लुम्बिनी अगाडि, मधेसको अवस्था नाजुक

**केशव भट्ट**




काठमाडौँ । बजेट कार्यान्वयमा प्रदेश सरकारहरूको अवस्था संघ सरकारभन्दा नाजुक देखिएको छ । संघ सरकारको क्षमतामाथि नै प्रश्न उठिरहेको अवस्थामा प्रदेशहरूको अवस्था झन् नाजुक देखिएको हो । अर्थ मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार ६ महिनामा प्रदेश सरकारहरूले गरेको बजेट खर्च हेर्दा निराशाजनक देखिन्छ । चालु आवमा ७ वटै प्रदेशको कुल बजेट २ खर्ब ८७ अर्ब ७० करोड ३३ लाख रहेकामा पुस मसान्तसम्ममा १४.१६ प्रतिशत मात्र खर्च भएको छ । जसमध्ये चालुतर्फ २१.४३ प्रतिशत र पुँजीगत (विकास)तर्फ ९.३३ प्रतिशत मात्रै खर्च भएको छ । संघीय सरकारको पुँजीगत खर्च जम्मा १२ प्रतिशत छ । वित्तीय व्यवस्थातर्फ विनियोजन भएको ९७ करोड ५० लाखमध्ये कुनै पनि प्रदेशले खर्च गर्न सुरु नै गरेका छैनन् ।

चालु आवका लागि ७ वटा प्रदेशले १ खर्ब ७१ अर्ब १७ करोड ९८ लाख रुपैयाँ बराबरको पुँजीगत बजेट विनियोजन गरेका थिए । यसमध्ये ६ महिनाको अवधिमा प्रदेशहरूले १५ अर्ब ९६ करोड ७६ लाख रुपैयाँ अर्थात् ९.३३ प्रतिशत मात्रै खर्च गरेका छन् । अर्थतन्त्र चलायमान बनाउन मुख्य भूमिका खेल्ने विकास खर्च गर्नमा मधेस प्रदेश सबैभन्दा कमजोर देखिएको छ भने लुम्बिनी सबैभन्दा अगाडि छ । मधेस सरकारले ६ महिनामा जम्मा ३.३६ प्रतिशत पुँजीगत खर्च गरेको छ भने लुम्बिनीले सबैभन्दा बढी १८.०४ प्रतिशत खर्च गरेको छ ।

४६ अर्ब ९८ करोडको बजेट ल्याएको मधेस सरकारले ३ अर्ब ६२ करोड रुपैयाँमात्र खर्च गर्न सकेको छ । पुँजीगततर्फ ३० अर्ब २६ करोड बजेट विनियोजन गरेको मधेसले जम्मा १ अर्ब १ करोड मात्र खर्च गर्न सफल भएको छ । त्यस्तै, ३८ अर्ब ९१ करोड बजेट ल्याएको लुम्बिनी प्रदेशले ६ महिनामा ७ अर्ब ९५ करोड रुपैयाँ खर्च गर्न सकेको छ । पुँजीगततर्फ २३ अर्ब ४७ करोड बजेट विनियोजन गरेको लुम्बिनीले जम्मा ४ अर्ब २३ करोड खर्च गर्न सफल भएको छ । त्यसैगरी, गण्डकी प्रदेश १४.१३ प्रतिशत (२ अर्ब ६९ करोड ८५ लाख रुपैयाँ) खर्च गर्दै दोस्रो स्थानमा छ । कोसी प्रदेशले पुँजीगततर्फ ९.९६ प्रतिशत र बाग्मती प्रदेशले ८.९९ प्रतिशत खर्च गरेका छन् । तुलनात्मक रूपमा अन्य प्रदेशको अवस्था भने अझै नाजुक छ । ▸▸▸ बाँकी पृष्ठ ६

■ फेरि पुरानै सपना देखाउँदै भोट माग्दै

## कर्णालीका दुःख बेचेर दर्जनौँ सांसद र मन्त्री बने, कर्णालीवासी हेरेको हेर्‍यै



**खगेन्द्र भट्टराई**

सुर्खेत । प्रतिनिधिसभा चुनाव नजिकिएसँगै राजनीतिक दलका कार्यकर्ता, समर्थक र उम्मेदवारसहितका नेताहरू गाउँमा बाक्लै पस्न थालेका छन् । गाउँमा नेताहरू खाली आएका छैनन्, उनीहरूले गाउँ विकासका बग्रेल्ती सपना पनि बोकेर आएका छन्, आश्वासनहरू बाँडिरहेका छन् । तर, उम्मेदवारले त्यसरी दिने आश्वासन अब भने पत्याउन छाडेका छन् । कालीकोटको नरहरिनाथ ३ का ७८ वर्षीय षडानन्द उपाध्याय भन्छन्- 'गाउँमा भोट माग्दै आएका नेताहरूले पञ्चायतकालमै बाँडिएका सपना अहिले पनि बाँडिरहेका छन् ।' चुनाव सकिएपछि गाउँ नफर्किएका नेताहरू फेरि चुनाव आएसँगै गाउँप्रेमी भएको बताउँदै उनले भने, 'समय बदलियो, धेरै पटक भयो- गाउँकै नेताले चुनाव जितेर मन्त्री पनि भए । तर, न गाउँको विकास भयो, न त उनले बाँडेका आश्वासन पूरा भए । फेरि उही विकासका सपना देखाएर गाउँमा नेता आए ।'

बहुदल आएपछि २०४८ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कालीकोटमा नेपाली कांग्रेसका उम्मेदवार तिलकप्रसाद न्यौपानेले चुनाव जिते । उनले त्यतिबेला मत माग्दै कालीकोटको बाटोघाटो बनाउने, कुलो बनाउने र शैक्षिक विकासका लागि आफूले विभिन्न कार्यक्रम ल्याउने बताएको स्मरण गर्दै उपाध्यायले भने, 'आज पनि त्यस्तै नारा लिएर उम्मेदवारहरू गाउँमा भोट मागिरहेका छन् । अब कसरी पत्याउनु ?' नेताले बाँडेका सपना अहिले पनि पूरा नभएको उनको दुखेसो छ ।

नरहरिनाथ गाउँपालिका-६ मा स्थानीय घर भएका खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड)ले २०६४ सालको संविधानसभा चुनावमा पनि गाउँमा विकासको नारा बोकेर भोट मागे । उतिबेला उनले आफूले चुनाव जितेमा कालीकोटको पलातामा रेल कुदाउने र कोटवाडा विमानस्थल १ वर्षभित्रै निर्माण गरी जहाज उडाउने सपना बाँडेका थिए । त्यतिबेला सडक सञ्जालमा नजोडिएको कालीकोटको पलातामा रेल कुदाउने सपना बाँडेका विश्वकर्माले चुनाव जितेर मन्त्री पनि भए । तर, उनको कार्यकालमा न पलातामा रेल कुद्यो, न त सुनथराली विमानस्थलमा जहाज उड्यो ।

२०६४ मा चुनाव जितेका उनै प्रकाण्ड १८ वर्षपछि फेरि उस्तै सपना बाँड्दै कालीकोटमा मतदाताको घरदैलोमा छन् । कर्णाली नदीमा बनाएको कर्णाली करिडोर जोड्ने पुल र कर्णाली करिडोर आफ्नै पहलमा निर्माण भएको भन्दै अन्य दल र नेताहरू 'लफंगा' भएको भन्दै जनतालाई फेरि तिनै पुरानै आश्वासन बाँडिरहेका छन् । २०६४ को संविधानसभा चुनावयता कालीकोटबाट लगातार तत्कालीन माओवादी केन्द्रले चुनाव जित्दै आएको छ । यसबीचमा माओवादीबाट महेन्द्रबहादुर शाही ऊर्जामन्त्री र कर्णाली प्रदेशको पहिलो मुख्यमन्त्री पनि बने । मओवादी नेता नवीन विश्वकर्मा महिला बालबालिका तथा जेष्ठ नागरिक राज्यमन्त्री बने । तर, जनताका समस्या ज्यूँका त्यूँ रहेको स्थानीय बताउँछन् ।

नेताहरूले चुनावका बेला भोट माग्न मतदाता आकर्षण गर्न थुप्रै विकासका सपना बाँडे पनि पूरा नभएको कालीकोटका युवा पूर्णराज बिष्ट बताउँछन् । 'भाषणमा गरिबी अन्त्य, रोजगारी सिर्जना, सडक-स्वास्थ्य सुधारका प्रतिबद्धता हरेक चुनावमा दोहोरिन्छन्,' उनले भने, 'तर चुनाव जितेर गइसकेपछि न सांसद गाउँ फर्केर आउँछन्, न त कर्णालीको विकास हुन्छ ।'

यो समस्या कालीकोटको मात्रै होइन, कर्णालीका अधिकांश जिल्लाका उम्मेदवारले कर्णालीलाई 'सुनको डल्लो'को उपमा दिँदै यसलाई कस्तो बनाउने भन्ने असल कालिगढ चाहिएको भन्दै जनतालाई आश्वासन त दिन्छन् । तर, ती आश्वासन कसैले कहिल्यै पूरा नगरेको स्थानीयको गुनासो छ । साहित्यकार कृष्णराज धमला भन्छन्, 'कर्णालीको भौगोलिक विकटता र यहाँको गरिबी चुनावी एजेन्डा बन्ने, तर दीर्घकालीन नीति नबन्ने समस्या पुरानै हो । भावनात्मक भाषणले मत तानिन्छ, तर कार्यान्वयनमा निरन्तरता हुँदैन ।'

कर्णालीका अन्य जिल्लाभन्दा सुगम ठानिएको प्रदेशको राजधानी रहेको सुर्खेतको समस्या पनि उस्तै छ । सुर्खेतको चौकुने गाउँपालिका-५ रेक्चाका गाउँले उम्मेदवारले चुनावैपिच्छे गाउँ विकासको बाचा गरे पनि चुनावपछि बाचा मात्रै भुल्ने नभई गाउँ नै बिर्सिने गरेको बताउँछन् । अर्थात्, चुनावमा हरेक घर पुगर सपना बाँड्नेहरू चुनाव जितेपछि अर्को चुनावसम्म गाउँमा देखापर्दैनन् । रेक्चा गाउँमा समस्या पुरानै हो । हरेक चुनावमा उम्मेदवारहरू खानेपानी समस्या समाधान गर्ने प्रतिबद्धता जनाउँदै आउँछन् । तर, समस्या अहिले पनि उस्तै छ । ▸▸▸ बाँकी पृष्ठ ६

**प्रतिनिधिसभा निर्वाचन-२०८२**



**२१ दिन बाँकी**

### रास्वपाका प्रत्यक्षमा भिड्ने महिला उम्मेदवार



पृष्ठ ५

## जित्ने मनोबलसहित इटालीविरुद्ध मैदानमा उत्रिँदै नेपाल

**दीपेन्द्र सापकोटा**




काठमाडौँ । टी-२० क्रिकेट विश्वकपअन्तर्गत आज (बिहीबार) नेपाली टोली आफ्नो दोस्रो खेल खेल्दै छ । नेपाली समयअनुसार दिउँसो ३:१५ बजे मुम्बईस्थित वानखेडे रंगशालामा युरोपियन टोली इटालीविरुद्ध नेपाल मैदानमा उत्रिँदै छ । इटाली टी-२० विश्वकपका लागि क्वालिफाई हुँदै पहिलो पटक ठुलो प्रतियोगितामा प्रवेश गरेको टोली हो । वरीयताको २७औँ स्थानमा रहेकाले यो टोली अन्यभन्दा तुलनात्मक रूपमा कमजोर मानिएको छ । टी-२० अन्तर्राष्ट्रियमा हालसम्म नेपाल र इटालीबीच यसअघि भेट भएको थिएन । यसर्थ, यो खेल नेपालका लागि एउटा नौलो अनुभव पनि हुनेछ ।

आज नेपालको ध्याउन्न इटालीलाई हराएर महत्वपूर्ण २ अंक जोड्ने नै रहनेछ । किनकि, बलियो टेस्ट टोली इंग्ल्यान्डसँग साहसिक प्रदर्शन गरेकाले नेपाल आज उच्च मनोबलका साथ मैदानमा उत्रिँदै छ । आज नेपालको लक्ष्य तुलनात्मक रूपमा कमजोर मानिएको इटालीलाई हराएर विश्वकपको सुपर-८ मा पुग्ने सम्भावना जीवितै राख्नु हुनेछ । इटाली यसअघिको खेलमा स्कटल्यान्डसँग ७३ रनको भारी अन्तरले हारेको थियो । यस्तोमा नेपाल इटालीको कमजोर मनोबलको फाइदा उठाउन पनि चाहन्छ ।

नेपालका कप्तान रोहित पौडेलले पनि इटालीलाई हराएर जारी विश्वकपमा आफ्नो पहिलो जित निकाल्नु आफूहरूको लक्ष्य रहेको बताएका छन् । ▸▸▸ बाँकी पृष्ठ ६

# इन्टरपोलबाट डिफ्युजन जारी भएका पाठक फिलिपिन्सबाट पक्राउ



काठमाडौँ । आफूलाई एक्स्ट्रिमिस्ट ग्रुप या नेपाल इजिएनको अध्यक्ष बताइ आफ्नो इमेल आइडीबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगसहित १० जनालाई ज्यान मार्नेसम्मको धम्की दिने व्यक्तिमाथि बुधबार ६ वटा मुद्दामा म्याद थप गरी अनुसन्धान थालिएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले यसरी धम्की दिने काभ्रेपलाञ्चोक, तेमाल गाउँपालिका-१ घर भई हाल फिलिपिन्स बस्दै आएका वर्ष ३४ का प्रकाश पाठक रहेका र उनलाई इन्टरपोलमार्फत पक्राउ गरी नेपाल ल्याइएको जानकारी दिए । उनका अनुसार उनलाई फिलिपिन्सबाट बुधबार नै नेपाल ल्याई काठमाडौँ जिल्ला अदालतमा पेस गरिएकोमा अदालतले अनुसन्धानका लागि ३ दिनको म्याद थप गरेको पनि भट्टराईले बताए ।

उनीविरुद्ध केही सार्वजनिक अपराध, ठगीसम्बन्धी कसुर, आपाराधिक लाभ लिन नहुने र आपाराधिक षड्यन्त्र गर्न नहुनेलगायतका कसुरमा ६ वटा मुद्दा दर्ता गरी अनुसन्धान थालिएको पनि प्रहरीले जनाएको छ । उनले सन् २०२५ अक्टोबर २२ मा आफूले प्रयोग गर्ने इमेल आइडीबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईलगायत अन्य १० जनामाथि ज्यान मार्नेसम्मको धम्की दिएका थिए । त्यसपछि प्रहरीले खोजीको सूचीमा राखेको थियो । प्रहरीको इन्टरपोलमार्फत फिलिपिन्सको इन्टरपोलसँग समन्वय गरी उनलाई नेपाल झिकाइएको थियो ।

### प्रहरी हवल्दार मृत्यु प्रकरण : थप १ जना पक्राउ

दार्चुला । सामुदायिक प्रहरी सेवा केन्द्र बंगाबगडमा कार्यरत प्रहरी हवल्दार योगेन्द्र घर्तीको हत्याका आरोपित थप १ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक हेमराज भट्टका अनुसार राजेन्द्र डडाललाई मंगलबार साँझ नौगाडबाट पक्राउ गरिएको हो । घटनालगत्तै फरार रहेका डडाल भाग्ने क्रममा पक्राउ गरिएको उनले बताए ।

आरोपितमध्ये ३ जना अझै फरार रहेका छन् । घटनामा फरार रहेका अन्य ३ जनाको खोजी भइरहेको छ । प्रहरीले यसअघि यो घटनामा २० वर्षीया दीपिका पाल, २१ वर्षीया पायल लुहार र सुरेन्द्र बमलाई पक्राउ गरेको थियो । प्रहरीका अनुसार घटनामा संलग्न रहेका अस्मिता बियर बारका सञ्चालक आशिक पाल, लक्ष्मी बडू र मनिस पाल भने अझै फरार छन् । उनीहरूको खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ ।

# ११ वर्षको पर्खाइपछि आमाको नामबाट नागरिकता

सौर्य समाचार



म्याग्दी । जिल्लाको बेनी नगरपालिका-२ खबराका सुवास घिमिरेले ११ वर्षको प्रतिक्षापछि नागरिकता प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालय म्याग्दीमा मंगलबार प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले २७ वर्षीय घिमिरेलाई नागरिकता प्रदान गरेका हुन् । बुबाको पहिचान नभएका कारण घिमिरेले नागरिकता प्राप्त गर्न सकेका थिएनन् । १६ वर्षको उमेर हुँदादेखि गरेको प्रयास आज आएर सफल भएकोमा घिमिरेले खुसी व्यक्त गरे । सुवासलाई उनकी आमा कमला घिमिरेको नामबाट नागरिकता प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताए । नागरिकताका लागि सुवासले ३ वर्षअघि सबै प्रक्रिया पूरा गरेर आवेदन दिएका थिए ।

नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन २०८२ तथा नियमावलीको चौथो संशोधन, २०८२ अनुसार सुवासलाई नागरिकता प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी आचार्यले बताए । नागरिकता प्राप्त भएपछि बल्ल नागरिक भएको महसुस भएको सुवासले प्रतिक्रिया दिए । शारीरिक रूपमा अपांगतासमेत भएका सुवास नागरिकता नहुँदा सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ताबाट वञ्चित भएका थिए । रोजगारीको अवसर र बैंक खाता सञ्चालन गर्न नपाउँदा सुवासको दैनिकी असहज भएको थियो । सुवास र उनकी आमा कमला आफन्तको घरमा आश्रय लिएर बसेका छन् । सुवास कमलाका कान्छा छोरा हुन् । हाल भारतमा कार्यरत कमलाका जेठा र माहिला छोराले भने नागरिकता बनाएका छन् । साहिँला छोराले भने अझै नागरिकता पाएका छैनन् ।

नेपाल नागरिकता (चौथो संसोधन) नियमावली, २०८२ राजपत्रमा प्रकाशन गरेसँगै नागरिकता ऐन २०६३ को व्यवस्था कार्यान्वयनमा आएको हो । यसअघि बेनीका मिर खान, यास्मिन बेगम र मालिका गाउँपालिका-५ देवीस्थानकी सीमा पुनलाई आमाको नामबाट नागरिकता प्रदान गरिएको थियो । थप केही सेवाग्राहीहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्नका लागि आवेदन पेस गरेका छन् । प्राप्त भएको आवेदनको छानबिन र आवश्यक प्रक्रिया पूरा गरेर नागरिकता प्रदान गरिने सहायक प्रजिअ आचार्यले बताए ।

## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशीत मिति: २०८२-१०-२९**

यस मनहरी गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुको खरिद कार्यको लागी मिति २०८२-०९-२५ गते प्रकाशित सूचना अनुसार समय सीमा भित्र दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्युनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनि स्वीकृतको लागी सिफारिस भए अनुसार तपशीलको सिलबन्दी बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजीम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| सि.नं. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम | कामको विवरण | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1. | WS/NCB/MAN-12/082-083 | P. P. Nirman Sewa Pvt. Ltd., Kathmandu-10, Kathmandu | Construction of Tallo Masine Khanepani at Ward no.4 | 62,29,628.15 |

प्रमुख प्रशासकीय अधिकृत

## Tikapur Municipality
## Office of The Municipal Executive

Tikapur, Kailali
Sudurpashchim Province, Nepal

**Re-Invitation for Sealed Quotation**

**First Date of Publication : 2082/10/29 B.S. ( 12TH ,Feb.,2026)**

1. Tarakeshwor Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the procurement of following (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

| S. N. | Contract Identification Number | Name of Project and Location | Estimated Amount (Without VAT & PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/49/ ROAD/2082/083 | Construction of Bitumineous Road (Way From Block No. 14 antargat uttar Bangaun Jane Culvert to Sagar Hotel Jane Road.), Tikapur Municipality Ward No.1,Block No. 14, Tikapur,Kailali. | 12,76,962.60 | 42000.00 | 1000.00 |

2. Eligible Bidders may obtain further information at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , KailaliOr Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.
3. Interested bidders should submit only E-bid till 27th Feb. ,2026 before 12:00 hrs. through PPMO e-GP System www.bolpatra.gov.np/egp. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :-** Nepal Bank Ltd., Tikapur, Branch.
   **Name of Office :** - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali
   **Office Account No.:-** 10703000001001000001
   **Revenue Heading No:-** 14229
5. Information to deposit the Bid Security Amount in Bank:-
   **Name of Bank :-** Nepal Bank Ltd., Tikapur, Branch..
   **Name of Office :-** Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali.
   **Office Account No.:-** 10703000003000000001
   Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs. on 27th ,Feb.,2026 at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**


Effective From 01 Falgun 2082 (13 February 2026)

## Interest Rates

**DEPOSIT**

| LCY Saving Deposit | % Per Annum | |
|---|---|---|
| Hereko Herai Remit Bachat Khata | 4.31 | |
| Kumari Remit IPO Saving Account | 2.91 | |
| Kumari Remit Premium Saving Account | 3.91 | |
| Chhori Bachat Khata | 2.91 | |
| Kumari Gajjab Bachat Khata | 2.91 | |
| Mission Rastra Gaurab Bachat Khata (R) | 2.91 | |
| Hereko Herai Bachat Khata | 3.31 | |
| Green Savings Deposit Account | 2.91 | |
| LCY Call Account | Up to 1.375 | |
| Other Saving Products | 2.75 | |
| **LCY Individual Fixed Deposit** | **% Per Annum (In person)** | **% Per Annum through Kumari Smart (Mobile App)** |
| 3 Months to below 6 Months | 2.75 | 2.85 |
| 6 Months to below 1 Year | 2.75 | 2.91 |
| 1 Year to below 2 Years | 3.21 | 3.41 |
| 2 Years and above | 4.23 | 4.43 |
| Fixed Deposit Plus / Recurring (1 Year to 5 Years) | 3.21 | 3.41 |
| **LCY Institutional Fixed Deposit** | **% Per Annum** | |
| 6 Months to 3 Years | 2.75 | |
| Above 3 Years to below 4 Years | 3.01 | |
| 4 Years and above | 3.50 | |

| FCY Deposit | Call Deposit (% p.a) | Saving Deposit (% p.a) | Fixed Deposit (% p.a)* |
|---|---|---|---|
| USD | 1.105 | 2.21 | 3.51 |
| EUR | 0.750 | 1.50 | 2.00 |
| GBP | 1.000 | 2.00 | 2.50 |
| AUD | 1.250 | 2.50 | 3.00 |
| CAD | 1.000 | 2.00 | 2.50 |
| JPY | 0.125 | 0.25 | 0.50 |
| CNY | 1.000 | 2.00 | 3.00 |
| Other FCY Currencies / NRN FCY Fixed Deposit | Available on Request | | |

**Floating Interest Rate on Loan**

**LOANS AND ADVANCES**

| | Premium (% per annum) on Base Rate |
|---|---|
| Corporate | Up to 2.00 |
| Agriculture Loan | Up to 2.00 |
| MSME / SME (Productive as per NRB) | Up to 2.00 |
| MSME / SME (Others) - FWCL | 1.00 to 3.00 |
| MSME / SME (Others) - PWCL / FTL | 1.50 to 3.50 |
| Education Loan | 2.50 to 4.00 |
| Deprived Sector | Up to 2.00 |
| Home Loan | 1.50 to 3.50 |
| Personal Term Loan | 1.50 to 3.50 |
| Personal Overdraft Loan | 3.00 to 4.00 |
| Auto Loan (Private) | 2.00 to 4.00 |
| Hire Purchase (Commercial) | 3.00 to 4.00 |
| Real Estate | 2.00 to 4.00 |
| Margin Lending | 2.25 to 4.00 |
| Corporate - Others | 1.00 to 2.75 |
| Loan Against First Class Bank Guarantees | Up to 2.00 |
| Loan Against Fixed Deposit** | (Coupon Rate +2.00) or (RABR+0.25) whichever is higher |
| Loan Against Government Securities | (Coupon Rate +2.00) or (RABR+0.25) whichever is higher |
| Other Loan | 3.00 to 4.00 |
| Professional Loan | 3.00 to 4.00 |
| FCY Denominated Loans | Available on Request |
| FCY TR Loan | Available on Request |

**Fixed interest Rate on Loan**

| Types of Loan | Rate Fixed | Interest Rate Per Annum |
|---|---|---|
| For Home Loan | up to 7 Years | 8.59% |
| For Auto Loan | up to 5 Years | 8.99% |
| For Other Individual Mortgage Loans ( Term Loan) | up to 7 Years | 9.59% |
| For SME/MSME | up to 7 Years | 9.59% |
| **Base rate of Poush 2082** | | 5.60% |
| **Interest Spread Poush 2082** | | 3.27% |

**नोटहरू:**
१. विभिन्न बचत निक्षेप, मुद्दती निक्षेप र मुद्दती निक्षेप रसिद धितो कर्जाको लागि नियम र सर्तहरू यस बैंकको प्रचलित नियमानुसार हुनेछन् ।
२. सहवित्तीयकरण कर्जा सुविधामा ब्याजदर सहवित्तीयकरण वैठकको निर्णय अनुसार हुनेछ ।
३. कुनै पनि नियमन गरिएका ऋणको हकमा, प्रिमियमदरहरू नेपाल राष्ट्र बैंकले जारी गरेको परिपत्र अनुसार लागू हुनेछन् ।
४. रेमिट मुद्दती निक्षेपको लागि बैंकले प्रकाशित ब्याजदर माथि थप १% प्रदान गर्न सक्नेछ । उक्त खाता खोल्नको लागि अनिवार्य रुपमा क्रेमिटेन्स प्राप्त भएको प्रमाण पेश गर्नु पर्नेछ ।
५. यदि ग्राहकले रिकरिङ्ग मुद्दती खातामा नियमित जम्मा गर्नुपर्ने किस्ता रकम जम्मा नगरेमा, उक्त रिकरिङ्ग मुद्दती खाता (Recurring Fixed Deposit) खारेज गरी बचत खातामा रकम स्थानान्तरण गरी बचत खाताको ब्याज प्रदान गरीनेछ ।
६. विदेशी मुद्रा (FCY) निक्षेपको ब्याज दर बिडिङ गर्दा सम्बन्धित मुद्राको निर्धारित बेन्चमार्क अनुसार ब्याजदर फरक पर्न सक्नेछ ।
७. चल्ती खाताबाट कल खातामा रकम स्थानान्तरण रु. १००,००० का गुणकमा मात्र हुनेछ ।
* प्राकृतिक व्यक्तिको लागि ३ महिना वा सोभन्दा माथि तथा संस्थाको लागि ६ महिना वा सोभन्दा माथि ।
** कुमारी स्मार्ट (मोबाइल बैंकिङ) मार्फत आवेदन गर्दा ०.२५% छुट प्रदान गरिनेछ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)
P.O. Box 21128, Corporate Office. Tangal, Kathmandu
Tel. 977-1-4543075-79 SWIFT: KMBLNPKA
URL: www.kumaribank.com

# १ करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ



काठमाडौँ । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५३ जिल्लाका ११७ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ । बुधबारसम्म १ करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा, सुनसरी, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्युठान, रूपन्देही र रोल्पा गरी ५३ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो ।

मंगलबारसम्म ४७ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । बुधबार थप ६ जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उनले बताए । हालसम्म १३ हजार ३२१ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा १ हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत २२ पुसदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लाहरूमा पठाइसकिएको आयोगले जनाएको छ । गत २६ पुसदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी १३ माघमा २ करोड ८ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि २ करोड ३ लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । १६ माघमा बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो । आचारसंहिता उल्लंघन गर्ने ५१ जनालाई स्पष्टीकरण, ३० वटा जबाफ

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जबाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ । आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिए । जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उनले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिवद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जबाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ । *(सौस)*

# रौतहटको सीमा नाकामा कडाइ

रौतहट । आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अवाञ्छित गतिविधि हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी जिल्लाको सीमा नाकामा कडाइ गरिएको छ । स्थानीय बासिन्दाका अनुसार निर्वाचनको मिति नजिकिएसँगै सीमापारीस्थित भारतीय भूमिबाट गैरकानुनी रूपमा रौतहटतर्फ भित्रिनसक्ने हातहतियार, गोली, बारुद, पटका, लागुपदार्थजस्ता अवैध वस्तुको कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्लास्थित प्रहरी संयन्त्र अझ सशक्त र चलायमान भएसँगै चारी, तस्करीमा संलग्न गिरोह निष्क्रिय भएको अवस्था छ । विशेषगरी आगामी २१ फागुनमा प्रतिनिधिसभा सदस्यका लागि हुने निर्वाचनका क्रममा जिल्लामा शान्ति सुव्यवस्था अमनचयन कामय गरी आफूले रोजेका उम्मेदवारलाई मत दिन पाउने जनताको अधिकार सुनिश्चित गर्ने, गराउने प्रयोजनसहित अन्य सुरक्षा संयन्त्रसँगको समेत सहयोग र सहकार्यसहित प्रहरी संयन्त्र अझ जागरुक र गतिशील हुँदा कर छली अनधिकृत रूपमा भित्रिएका समान बरामद हुनेक्रम पछल्लो समयमा बढेको रौतहट प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

यसैगरी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख तथा प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साहले निर्वाचनलाई लक्षित गरी सीमानाका क्षेत्रको सुरक्षा व्यवस्था कडाइ गरेसँगै कर छली तथा अवैध कारोबार धन्धा करिब नियन्त्रणमा आएको, चोरबाटो हुँदै गैरकानुनी कारोबारमा संलग्न व्यक्तिको हकमा समानसहित पक्राउ दर वृद्धि भएको, चोरीतस्करीमा संलग्न गिरोह निष्क्रिय हुँदा समाजमा शान्तिसुरक्षाको प्रत्याभूति भएको बताए । यसैबीच, इलाका प्रहरी कार्यालय सिम्रौनगढले पछिल्लो ३ महिनामा कैद सजाय तोकिएका ४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको, १८ वटा मुद्दा दायर गरेको, करिब ८० केजी गाँजासहित ४ जनालाई पक्राउ गरेको र ४६ हजार थान लागुऔषध हाइड्रोक्लोराइड बरामद गर्न सफल भएको जनाएको छ । *(सौस)*

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रामगोपालपुर, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/२९ गतेको सौर्य राष्ट्रिय दैनिक

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०२/१८ कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०३/२६ जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोल पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा मिति २०७२ साल जेष्ठ महिना ३१ गते रोज १ मा प्रा.फ.र.नं. ३००८/२६/०७१/७२ तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय जलेश्वरमा मिति २०७२/०३/१३ मा स्थायी लेखा नम्बर (PAN) ६०३२५३६४७ अन्तर्गत दर्ता कायम भएको **चन्दन इलेक्ट्रिक** ।

**प्रोप्राइटर : सुरेन्द्र कुमार साह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. रामऔतार साहको नाति, वुध लाल साहको छोरा, महोत्तरी जिल्ला, सोनौल गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ बस्ने **सुरेन्द्र कुमार साह** (ना.प्र.नं. १८-१०३३/२१०, जारी मिति २०६७/०४/१२, जि.प्र.का. महोत्तरी) । | २. वुध लाल साहको बुहारी, सुरेन्द्र कुमार साहको पत्नी, महोत्तरी जिल्ला, मनरा शिसवा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ बस्ने **रिता कुमारी साह** (ना.प्र.नं. १८-०१-७६-०६००२, जारी मिति २०७६/०६/०८, जि.प्र.का. महोत्तरी) । |

**धितोको विवरण**

१. रिता कुमारी साह (ना.प्र.नं. १८-०१-७६-०६००२, जारी मिति २०७६/०६/०८, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ११४५ को क्षेत्रफल ०-३-६ (बि.क.धु.) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. सुरेन्द्र कुमार साह (ना.प्र.नं. १८-१०३३/२१०, जारी मिति २०६७/०४/१२, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स./न.पा. वडा नं. ४/क स्थित कि.नं. ८४२ को क्षेत्रफल ०-०-६ (बि.क.धु.) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. चन्दन इलेक्ट्रिकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/१४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीमा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/१५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय रामगोपालपुर, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी
फोन नं. ०४४-४१००८३
Website : www.siddharthabank.com

## Lungri Rural Municipality
## Office Of Rural Municipal Executive
Badachaur, Rolpa
(Lumbini Province, Nepal)

### Invitation For Bids

**Date of First publication: 11-02-2026**

The Lungri Rural Municipality, Rolpa invites following e-bid. Eligible Suppliers may obtain further information and inspect the forms at the office of Badachaur,Rolpa OR [may visit PPMO website www.bolpatra.gov.np.]

| S. N. | Contract ID | Project Name | Amount Excluding VAT | Bid Security Rs. | Bid Fee Rs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LRM/ROL/W/ NCB/18/2082/2083 | Construction of BarnaKhola(Dhongrey Raha) Dalit Basti Khaney Pani Yojana. | 4828125.62/- | 149000/- | 3000/- | |
| 2 | LRM/ROL/W/ NCB/19/2082/2083 | Construction of 4 Room School Building at Gokul Secondary School. | 6686026.88/- | 162000/- | 3000/- | |

....................................
*Chief Administrative Officer*

## पाँचखाल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रकाशित मिति : २०८२/१०/२९ गते**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम रु. (VAT र PS सहित) |
|---|---|---|---|---|
| 1. | PMW1/NCB/ WORKS/01/2082/83 | Ghumaunechaur Kotyang Road Upgrading | Thing Builders, Roshi-07, Kavrepalanchok | 1,10,21,540.24 |
| 2. | PMW2/NCB/ WORKS/01/2082/83 | Jethe Chautaro Deurali Jyamirkot Chhapchaur Sadak | Everest Infra Projects Pvt.Ltd., Talinchowk Sundarijal Road, Kathmandu, Nepal | 21,60,460.77 |
| 3. | PMW3/NCB/ WORKS/01/2082/83 | Pachase Thulobagar Jhikukhola Nadi Niyantran | Sambridhi Nirman Sewa, Dhulikhel-04, Kavrepalanchok | 16,67,241.72 |
| 4. | PMW5/NCB/ WORKS/01/2082/83 | Keraghari Rayale Road Upgrading | Rudra Construction, Roshi-02, Kavrepalanchok | 17,45,310.01 |
| 5. | PMW7/NCB/ WORKS/01/2082/83 | Araniko Rajmarga 44 Kilo Nayabasti Mijartol Radhaswami Hudai Narayansthan Aadharbhut Bidhyalaysamma Sadak Staronnati | Sambridhi Nirman Sewa, Dhulikhel-04, Kavrepalanchok | 26,60,090.08 |

## LUMBINI TECHNOLOGICAL UNIVERSITY
Nepalgunj, Banke

### Invitations for e-Bids

Date of Publication: 2082/10/29 (Feb 12, 2026)

1. Lumbini Technological University, Nepalgunj, Banke invites electronic bids from eligible bidders for following bid under National Competitive Bidding- Single Stage Single Envelope Bidding Procedures. The bid validity period is 90 days from the date of last date of bid submission. All the other information and Bid Documents can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** For more information, contact Lumbini Technological University, Nepalgunj, Banke. email: info@ltu.edu.np phone: 081-539601

| S. N. | Contract Name and Number | Bid Security (NRs.) | Bid Fee | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|
| 1. | Procurement of DGPS & Drone for Survey Lab LTU/G/NCB-01/2082/83 | NRs. 65,000.00 (Validity: 120 days) | NRs. 3000 | 2082/11/29 (March 13, 2026) 12:00 Hrs. | 2082/11/29 (March 13, 2026) 14:00 Hrs. |
| 2. | Procurement of Equipments for Workshop Lab LTU/G/NCB-02/2082/083 | NRs. 65,000.00 (Validity: 120 days) | NRs. 3000 | | |

| For Bid Document Fee | | For Bid Security | |
|---|---|---|---|
| Name of the Bank | : Rastriya Banijya Bank Ltd. | Name of the Bank | : Rastriya Banijya Bank, Nepalgunj, Banke |
| Name of Office | : Lumbini Technological University | Name of Office | : Lumbini Technological University, Nepalgunj Banke. |
| Office Code no | : 3500057055 | Office Code no. | : 3500057055 |
| Office Account No | : 1000100200010000 | Deposit Account no. | : KHA-2-3: DHARAUTI A/C (PARA.LE.NI.KA) 4130100202030000 |
| Rajaswa (Revenue) Shirshak No | : 14229 | | |

2. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
3. Bidders are advised to visit the site and assess the actual site conditions before submitting their bid.

Registrar

## सम्पादकीय

# भ्रष्टाचार नियन्त्रणका लागि 'एकलव्य दृष्टि'को खाँचो

भ्रष्टाचार नियन्त्रणका मामिलामा नेपालले गत वर्ष जस्तै यस वर्ष पनि १०० पूर्णांकमा ३४ अंक पाउँदै गर्दा अवस्था थप नबिग्रिएको देखिनु स्वाभाविकै हो । तर भ्रष्टाचारजन्य देशहरूको वरीयतामा भने नेपालको अवस्था १०७औँ बाट खस्केर १०९औँ मा झर्नु भनेको अरू देशले गरेको प्रयासका तुलनामा नेपाल कमजोर देखिनु हो । ट्रान्सरेन्सी प्रतिवेदनमा ५० भन्दा कम अंक पाउनेलाई भ्रष्टाचारजन्य र ३५ भन्दा कम अंक पाउनेलाई अति भ्रष्टाचारजन्य देशको सूचीमा राख्ने गरिन्छ । नेपाल एक्कासि अति भ्रष्टाचार हुने देशको सूचीमा परेको होइन । ट्रान्सपरेन्सी इन्टरनेसनलका विगत २ दशकयताका वार्षिक प्रतिवेदन हेर्ने हो भने भ्रष्टाचार हाम्रो देशको पुरानै रोग हो । किनकि सन् २०२३ मा ३५ अंक प्राप्त गरेबाहेक २ दशकयता कहिल्यै पनि नेपाल अति भ्रष्टाचारजन्य सूचीबाट माथि उक्लन सकेको देखिन्न । तर कुनै बेला २२ अंकसहित १५४औँ वरीयतामा रहेको नेपाल विगत केही वर्षदेखि ३० भन्दा बढी अंक प्राप्तगरी सरदर ११०औँ वरीयतामा उक्लेको तथ्यांकलाई हेर्दा ज्यादै नै निराश हुनुपर्ने अवस्था छैन । पारदर्शी लोकतान्त्रिक शासन व्यवस्था अपनाएको मुलकले भ्रष्टाचार नियन्त्रणमा जति सफलता हासिल गर्नुपर्ने थियो, त्यो नभएको मात्रै हो । सार्थक प्रयास गर्ने हो भने नेपालमा भ्रष्टाचार नियन्त्रण असम्भव छैन भन्ने कुरा ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले संकेत गरेको छ । किनकि भ्रष्टाचारका कतिपय सूचकमा नेपालको स्थान कमजोर नभए पनि सम्पत्ति शुद्धीकरणको मामिलामा भने ज्यादै नै कमजोर छ । यो मामिलामा नेपाल ग्रेलिस्टमा परिसकेको छ । यही ग्रेलिस्टका कारण नेपालको अंक तल देखिएको हो । यदि सम्पत्ति शुद्धीकरणको अपराध नियन्त्रण गर्ने हो भने नेपालको स्थान ह्वात्तै सकारात्मक हुने देखिन्छ । त्यसैले नीति निर्माण तथा कार्यान्वयनमा रहनेहरू सम्पत्ति शुद्धीकरणको मामिलामा गम्भीर हुनुपर्ने अहिलेको मुख्य आवश्यकता हो ।

ट्रान्स्परेन्सी इन्टरनेसलन आफैँमा गरिमामय संस्था हो । त्यसमा पनि विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्टजस्ता ६ वटा प्रभावशाली संस्थाको सर्वेक्षणका आधारमा ट्रन्स्परेन्सी इन्टरनेसनलले प्रतिवेदन तयार गर्ने गर्छ । त्यसैले यो प्रतिवेदनलाई सरकारले अत्यन्त गम्भीर रूपमा लिनुपर्छ । तर विगतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वाग्रहप्रेरित र व्यक्ति लक्षित भनेर कडा टिप्पणी गरेको समेत सुनियो । संविधान निर्माणको काम सम्पन्न भई भ्रष्टाचार नियन्त्रणको प्रयासले गति लिनुपर्ने बेलामा प्रधानमन्त्री पद सम्हाल्न पुगेका ओलीले भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न मन्त्रालयअन्तर्गत खडा गरिएका सबैजसो संयन्त्रलाई आफू मातहत राख्दै गर्दा अन्तर्राष्ट्रिय निकायहरूले प्रश्न उठाउनु स्वाभाविकै थियो । तर त्यसलाई सुधार गर्नुको सट्टा उल्टो ट्रान्सपरेन्सी इन्टरनेसनलको बैधतामाथि नै प्रश्न उठाए । ओलीपछि प्रधानमन्त्री बनेकाहरूले पनि भ्रष्टाचार नियन्त्रणका सरकारी संयन्त्रलाई आफ्नो मातहत नै राखिरहनुले नेपालका शासकहरू गम्भीर छैनन् भन्ने सन्देश अन्तर्राष्ट्रिय क्षेत्रमा जानु स्वाभाविकै हो ।

ट्रान्सपरेन्सी इन्टरनेसलनको प्रतिवेदनमा कुन कुन ठाउँमा के कस्ता भ्रष्टाचारका प्वालहरू छन् भन्ने कुरा मात्रै औँल्याइएको हुँदैन, भ्रष्टाचारका ती प्वाल टाल्न अवलम्वन गर्नुपर्ने उपाय सहितको सुझावसमेत दिइएको हुन्छ । यसका लागि कुन कुन कानुनहरू के कसरी सुधार गर्नुपर्ने हो ? के कस्ता थप कानुनी व्यवस्था गर्नुपर्ने हो ? लगायतका सुझावहरू कार्यान्वयन गर्न यस अघिका सबै सरकारहरूले ध्यान नदिएकै कारण अन्तर्राष्ट्रिय जगतमा देशको बदनामी भएको हो । जसको असर मुलुकको अर्थतन्त्रमा परिसकेको छ । दातृ निकाय तथा मुलुकबाट विगतमा उल्लेख्य आर्थिक अनुदान पाइरहेको हाम्रो देशले पछिल्ला वर्षहरूमा ऋणसमेत नपत्याउने अवस्थामा पुग्नुको मुख्य कारण ट्रन्स्परेन्सी इन्टरनेसलनको सुझाव कार्यान्वयन नगर्नु हो । आफ्नो देशको राजस्वले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा पुँजीगत खर्चको जोहो गर्ने उपाय भनेकै दातृ निकायबाट सहयोग जुटाउनु हो, तर भ्रष्टाचार हुने देशलाई सहयोग गर्न दातृनिकायहरू इच्छुक हुँदैनन् भन्ने कुरा प्रमाणित भइसकेको छ । त्यसैले भ्रष्टाचार नियन्त्रणका लागि एकलव्य शैलीमा अघि बढ्नुबाहेक अर्को विकल्प छैन । भ्रष्टाचार नियन्त्रण गर्ने हो भने मुलुकको राजस्वले नै पुँजीगत खर्चको समेत जोहो हुनसक्ने अवस्था छ । तर यसका लागि सरकारमा रहनेहरू गम्भीर बन्नै पर्छ ।

## दलहरूका चुनावी घोषणापत्र

# जनताको विश्वासमाथि झेल !



आरपी गैरे

" चुनावी प्रचारका क्रममा नेताहरूले भावनात्मक भाषण गर्छन् । भिडको ताली सुन्छन्, आश्वासनको वर्षा गर्छन् । तर लोकतन्त्र केवल भाषणको खेल होइन । लोकतन्त्र जिम्मेवारी, पारदर्शिता र परिणामको नाम हो । घोषणापत्र केवल कागजी औपचारिकता नभई सामाजिक सम्झौता हो ।

चुनाव नजिकिँदै जाँदा गाउँ-सहरका भित्ताहरू फेरि रंगिन थालेका छन् । पोस्टर टाँसिएका छन्, झन्डाहरू फहराइएका छन्, माइक्रोफोनमा विकासका वाचा गुन्जिन थालेका छन् । तर यो रंगीन दृश्यभित्र एउटा फिका यथार्थ लुकेको छ - घोषणापत्रका पाना र सरकारको कामबीचको गहिरो खाडल । चुनावी घोषणापत्र एकातिर हुन्छ, सरकारमा पुगेपछि देखिने कार्यसम्पादन अर्कातिर हुने गरेको छ । यही दोहोरो चरित्रले आमनागरिकको मनमा राजनीतिक दलहरूप्रति वितृष्णा बढाउँदै लगेको छ ।

हरेक चुनावमा दलहरू नयाँ आवरणमा पुरानै सपना बेचिरहेका छन् । शब्दहरू चम्किला हुन्छन्, वाक्यहरू भावनाले भरिएका हुन्छन्, तर आशय उस्तै अत्यन्त महत्वाकांक्षी, अव्यावहारिक र असम्भवजस्ता कार्यक्रम । समृद्धि, रोजगारी, सुशासन, भ्रष्टाचारमुक्त देश, निःशुल्क स्वास्थ्य, गुणस्तरीय शिक्षा यी सबै शब्दहरू अब जनताको कानमा नयाँ लाग्न छाडिसके । २०४६ सालको परिवर्तनयता ७-७ पटक घोषणापत्र सार्वजनिक भइसके । अहिले आठौँ घोषणापत्रको तयारी हुँदै छ । यदि ती सबै प्रतिबद्धता कार्यान्वयन भएका हुन्थे भने नेपाल आज गरिबी, बेरोजगारी र अस्थिरताबाट धेरै माथि पुगिसकेको हुन्थ्यो । तर यथार्थ उल्टो छ ।

दलहरूले चुनावी घोषणापत्रलाई दीर्घकालीन नीति दस्तावेजभन्दा पनि मत तान्ने साधनका रूपमा प्रयोग गरेका छन् । चुनाव सकिएपछि ती पाना दराजभित्र थन्किन्छन् । संसद् र सरकारमा पुगेपछि प्राथमिकता फेरिन्छ । सत्ता जोगाउने गणित, गठबन्धनको दबाब, भागबन्डा र स्वार्थको राजनीति नै मुख्य एजेन्डा बन्छ । घोषणापत्रका प्रतिबद्धता भने बिर्सिएका वाचाझैँ हराउँछन् । यही कारण मतदाताको चासो घोषणापत्रप्रति घट्दै गएको छ । धेरै उम्मेदवार त घोषणापत्रबिनै घरदैलोमा छन् । किनभने उनीहरूलाई थाहा छ जनताले घोषणापत्र पढेर होइन, विकल्पको अभावमा वा भावनात्मक प्रभावमा भोट दिन बाध्य छन् ।

यसपटक पनि केही दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् । नेकपा, जसपा र राष्ट्रिय जनमोर्चाले आफ्ना दस्तावेज बाहिर ल्याएका छन् । तर ती घोषणापत्र पढ्दा पुरानै शब्द, पुरानै शैली, पुरानै प्रतिबद्धता दोहोरिएको देखिन्छ । बेरोजगारी अन्त्य गर्ने, कृषिमा क्रान्ति ल्याउने, उद्योगीकरण तीव्र बनाउने, संघीयता प्रभावकारी बनाउने यी सबै वाचा नयाँ होइनन् । प्रश्न उठ्छ विगतका घोषणापत्रमा राखिएका यस्तै वाचा किन पूरा भएनन् ? जिम्मेवार को ? जवाफदेहिता कहाँ ?

घोषणापत्रमा अति महत्वाकांक्षी कार्यक्रम राख्ने प्रवृत्ति नेपाली राजनीतिमा रोगजस्तै बनेको छ । आर्थिक स्रोतको स्पष्ट आधारबिनै विशाल योजना घोषणा गरिन्छ । कार्यान्वयनको समयसीमा, बजेट स्रोत र उत्तरदायित्व निर्धारण हुँदैन । जनतालाई सपना देखाइन्छ, तर सपना पूरा गर्ने मार्गचित्र देखाइँदैन । यो व्यवहारले राजनीतिलाई विश्वासको संकटमा धकेलेको छ । जनताको मनमा प्रश्न छ अब कति दिन ढाँट्ने ?

चुनावी प्रचारका क्रममा नेताहरूले भावनात्मक भाषण गर्छन् । भिडको ताली सुन्छन्, आश्वासनको वर्षा गर्छन् । तर लोकतन्त्र केवल भाषणको खेल होइन । लोकतन्त्र जिम्मेवारी, पारदर्शिता र परिणामको नाम हो । घोषणापत्र केवल कागजी औपचारिकता नभई सामाजिक सम्झौता हो । मतदातासँग गरिएको सार्वजनिक प्रतिबद्धता हो । त्यसको मूल्यांकन हुनुपर्छ । चुनावपछि दलहरूले आफ्ना वाचाहरूको प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । ५ वर्षपछि नयाँ घोषणापत्र ल्याउँदा पुरानो घोषणापत्रको हिसाबकिताब पनि सँगै ल्याउनुपर्छ ।

मतदाताले पनि अब भावनात्मक नाराभन्दा तथ्य र कार्यसम्पादनको मूल्यांकन गर्नुपर्छ । विगतमा के गरे ? कति पूरा गरे ? किन पूरा भएन ? आगामी योजना कति यथार्थपरक छन् ? यस्ता प्रश्न सोध्ने संस्कार विकास हुनुपर्छ । नत्र घोषणापत्रको नाममा सपनाको व्यापार चलिरहनेछ ।

राजनीतिक दलहरूका लागि यो गम्भीर आत्मसमीक्षाको समय हो । विश्वास गुमाउन सजिलो छ, पुनः आर्जन गर्न कठिन । यदि दलहरूले व्यावहारिक, कार्यान्वयनयोग्य र मापन गर्न सकिने कार्यक्रम नल्याउने हो भने घोषणापत्रप्रतिको जनचासो झन् घट्नेछ । लोकतन्त्रको आधार नै कमजोर हुनेछ ।

अबको चुनाव केवल सत्ता परिवर्तनको अवसर होइन, राजनीतिक संस्कार परिवर्तनको अवसर हुनुपर्छ । घोषणापत्रलाई मत तान्ने खेलबाट नीतिगत मार्गचित्रमा रूपान्तरण गर्न सकिएन भने अब कति दिन जनता ढाँट्ने भन्ने प्रश्न अझ चर्को स्वरमा उठिरहनेछ । र, त्यो प्रश्न केवल विपक्षीले होइन, निराश जनताले सडकबाट सोध्ने दिन टाढा नहुन सक्छ ।

चुनावअघि जनतासामु व्यक्त गरिएका प्रतिबद्धताअनुरूप काम गर्न दलका नेताहरू पटक-पटक असफल हुँदा घोषणापत्रप्रतिको विश्वास नै क्रमशः क्षीण हुँदै गएको छ । चुनाव नजिकिँदै गर्दा राजनीतिक दलहरूले कस्तो घोषणापत्र ल्याउलान् भन्ने जिज्ञासाभन्दा पनि फेरि उही पुरानै कुरा दोहोरिने त होइन भन्ने संशय आममतदाताको मनमा बलियो बनेको छ । यही कारण अहिले धेरै नागरिकमा न घोषणापत्रप्रति विशेष रुचि देखिन्छ, न त्यसको अध्ययन-विश्लेषणप्रति उत्साह नै ।

तर वस्तुतः घोषणापत्र भनेको लोकतन्त्रको आत्मा हो । यो कुनै औपचारिक कागजको पुलिन्दा मात्र होइन, मतदातासँग गरिएको सार्वजनिक वाचा हो । निर्वाचनमा कुन दल र कस्ता उम्मेदवार छान्ने भन्ने निर्णय गर्ने एउटा लोकतान्त्रिक मापन विधि हो । घोषणापत्रभित्र दलले देशलाई कता लैजान चाहन्छ, आर्थिक विकासको उसको दृष्टिकोण के हो, सामाजिक न्यायबारे उसको सोच कस्तो छ, राजनीतिक स्थायित्वका लागि कस्तो योजना छ यी सबै प्रश्नको उत्तर समेटिएको हुनुपर्छ । त्यसैले विकसित मुलुकमा घोषणापत्रलाई प्रतिबद्धतापत्रकै रूपमा लिने गरिन्छ । त्यहाँ मतदाताले घोषणापत्र पढ्छन्, तुलना गर्छन्, विश्लेषण गर्छन् र त्यसैका आधारमा आफ्नो मत दिन्छन् ।

हाम्रो सन्दर्भमा भने घोषणापत्र क्रमशः औपचारिकता बन्दै गएको देखिन्छ । कानुनी रूपमा हेर्दा घोषणापत्रमा गरिएका वाचा अनिवार्य रूपमा कार्यान्वयन गर्नैपर्ने बाध्यकारी प्रावधान नहुन सक्छ । तर लोकतान्त्रिक मूल्य-मान्यतामा यसको अर्थ गहिरो छ । कानुनले नबाँधे पनि नैतिकता र राजनीतिक उत्तरदायित्वले बाँध्छ । दल र तिनका उम्मेदवारको विश्वसनीयता जाँच्ने सबैभन्दा ठुलो कसी नै घोषणापत्र हो । चुनावपछि सत्तामा पुगेपछि घोषणापत्र त परिस्थितिअनुसार परिवर्तन हुने दस्तावेज हो भनेर पन्छिन खोज्नु राजनीतिक गैरजिम्मेवारीको उदाहरण हो ।

विकसित लोकतन्त्रमा धेरै मतदाताले उम्मेदवारलाई व्यक्तिगत रूपमा चिनेका हुँदैनन् । उनीहरूको मूल्यांकन घोषणापत्रकै आधारमा हुन्छ । उम्मेदवारले कस्तो दृष्टिकोण बोकेको छ, कुन नीतिलाई प्राथमिकता दिन्छ, कर प्रणाली, शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारीबारे के योजना छ यी सबै कुरा घोषणापत्रले नै स्पष्ट पार्छ । त्यसैले त्यहाँ घोषणापत्र अध्ययन गर्ने संस्कार विकसित छ । सञ्चारमाध्यमले बहस चलाउँछन्, बौद्धिक समुदायले विश्लेषण गर्छ, नागरिक समाजले तुलना प्रस्तुत गर्छ ।

हामीकहाँ भने घोषणापत्रको चर्चा चुनावी भाषण र नारासम्म सीमित हुन्छ । विस्तृत दस्तावेज सार्वजनिक गरिए पनि त्यसको गहिरो बहस कमै हुन्छ । दलहरूले पनि प्रायः महत्वाकांक्षी र लोकप्रिय सुनिने कार्यक्रम राख्छन्, तर तिनको स्रोत, समयसीमा र कार्यान्वयन संयन्त्र स्पष्ट पार्दैनन् । परिणामतः घोषणापत्रप्रति जनविश्वास कमजोर बन्दै जान्छ ।

यस अवस्थामा दोष केवल दलहरूको मात्र होइन, राजनीतिक संस्कारकै हो । जब मतदाता स्वयं घोषणापत्रको आधारमा प्रश्न सोध्न छाड्छन्, जब चुनावपछि वाचा पूरा भएनन् भनेर संगठित रूपमा जवाफदेहिता खोजिँदैन, तब घोषणापत्रको महत्त्व स्वतः घट्दै जान्छ । लोकतन्त्रमा कागजमा लेखिएका शब्दहरू शक्तिशाली हुन्छन्, तर ती शब्दलाई शक्तिशाली बनाउने काम नागरिकको चेतनाले गर्छ ।

अब जरुरी के छ भने घोषणापत्रलाई पुनः गम्भीर दस्तावेजका रूपमा स्थापित गर्नु । दलहरूले व्यावहारिक, मापनयोग्य र समयबद्ध कार्यक्रम समेट्नुपर्छ । विगतका घोषणापत्रमा गरिएका प्रतिबद्धताको प्रगति विवरण पनि सँगै सार्वजनिक गर्नुपर्छ । के वाचा गरियो, कति पूरा भयो, किन पूरा भएन भन्ने आत्मसमीक्षाबिना नयाँ घोषणापत्र विश्वसनीय बन्न सक्दैन ।

लोकतन्त्रमा चुनाव केवल प्रतिनिधि चयनको प्रक्रिया होइन, भविष्यको दिशा तय गर्ने अवसर हो । त्यो दिशा स्पष्ट पार्ने नक्सा नै घोषणापत्र हो । त्यसैले दलहरूले यसलाई हल्का रूपमा लिनु हुँदैन, र नागरिकहरूले पनि यसलाई बेवास्ता गर्नु हुँदैन । घोषणापत्रको सम्मान घट्नु भनेको लोकतान्त्रिक जवाफदेहिताको आधार कमजोर हुनु हो ।

राजनीतिक दल र तिनका उम्मेदवारहरूले यो यथार्थ बुझ्न जरुरी छ घोषणापत्र कानुनी रूपमा बाध्यकारी नहोला, तर नैतिक रूपमा बाध्यकारी अवश्य हो । जनतासँग गरिएको सार्वजनिक वाचा इतिहासले पनि बिर्सँदैन र मतदाताले पनि अन्ततः त्यसको मूल्यांकन अवश्य गर्छन् । लोकतन्त्रमा विश्वास पुनर्स्थापित गर्ने बाटो घोषणापत्रलाई व्यवहारमा उतार्ने साहसबाट नै सुरु हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा घोषणापत्रका आधारमा मतदाताले आफूलाई मन परेको नेता वा दल छान्ने अभ्यास आज पनि अपवादमै सीमित देखिन्छ । यहाँ चुनावी प्रतिस्पर्धा नीति, दृष्टिकोण र कार्यक्रमको भन्दा पनि धन र डनको प्रभावमा बढी चलेको यथार्थ कसैबाट लुकेको छैन । पैसाको बल, पहुँचको दम्भ, डर-त्रास र प्रभावशाली सञ्जालले चुनावी परिणाम निर्धारण गर्ने संस्कारले घोषणापत्रलाई सधैँ छायामा पारेको छ । यही कारण आममतदाताको चेतनामा घोषणापत्र भनेको कार्यान्वयनका लागि बनाइने दस्तावेज होइन, चुनावी मौसममा बाँडिने सपनाको सूची मात्र हो भन्ने बुझाइ गहिरिँदै गएको छ ।

दलहरूले पनि यो यथार्थ राम्ररी बुझेका छन् । घोषणापत्र कार्यान्वयन गर्नै नपर्ने भएपछि त्यसमा यथार्थभन्दा धेरै कल्पना मिसाइन्छ । स्रोत नखोजी योजना लेखिन्छ, समयसीमा नतोकी लक्ष्य घोषणा गरिन्छ, उत्तरदायित्व नतोकिकन आश्वासन बाँडिन्छ । परिणामतः घोषणापत्र कागजको खोस्टाजस्तै बन्छ बाहिरबाट चम्किलो, भित्रबाट खोक्रो । आकर्षक नारा हुन्छन्, भावनात्मक शब्दावली हुन्छ, तर ती पूरा गर्नै पर्दैनन् भन्ने मौन सहमति जस्तो वातावरण बनेको छ । यही कारण चुनावको मुखमा सार्वजनिक गरिने घोषणापत्रलाई धेरैले कर्मकाण्डी प्रक्रियाबाहेक अरू केही ठान्दैनन् ।

आर्थिक विकास, समृद्धि र स्वदेशमै रोजगारी सिर्जना यी विषय आज सबै दलका रेडिमेड चुनावी एजेन्डा बनेका छन् । हरेक चुनावमा उही शब्द, उही वाक्य, उही सपना दोहोरिन्छन् । घोषणापत्रमा सीमित आकर्षक नारा बोकेर गाउँ-टोल पस्ने तयारीमा रहेका दलहरू त्यसैका आधारमा मत बटुल्न सकिनेमा ढुक्क देखिन्छन् । किनकि हिजो पनि त्यसै गरेर मत पाइएको थियो भन्ने उनीहरूलाई राम्रोसँग थाहा छ । जनताको स्मृति छोटो छ, प्रश्न गर्ने संस्कार कमजोर छ, त्यसैले जे भने पनि पत्याइहालिन्छ भन्ने घातक सोच राजनीतिक नेतृत्वमा मौलाएको छ ।

तर दुःखद् कुरा के हो भने दलका घोषणापत्र जनताका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने यथार्थ मुद्दाभन्दा पनि रंगीन सपनाले बढी भरिएका हुन्छन् । किसानले मल नपाएको पीडा, युवाले रोजगारी नपाएर विदेशिनुपरेको बाध्यता, सहरमा भाडामा बस्नेको असुरक्षा, स्वास्थ्य र शिक्षाको पहुँचमा रहेको असमानता यी ठोस विषय घोषणापत्रमा सतही रूपमा मात्र समेटिन्छन् । ठुला-ठुला योजनाको सूची हुन्छ, तर ती योजनाले आमनागरिकको जीवन कहिले, कसरी बदल्छ भन्ने स्पष्ट हुँदैन । यसैले नागरिक न त घोषणापत्र पढ्न उत्साहित हुन्छन्, न त त्यसमा लेखिएको कुरामा विश्वास नै गर्छन् ।

यो अवस्थाबाट बाहिर निस्कन अब पहल अनिवार्य छ । निर्वाचनअघि दलहरूले मतदाताका बीचमा आफ्ना मुद्दामाथि खुला बहस गराउन सक्नुपर्छ । घोषणापत्र सार्वजनिक गरेर त्यसलाई केवल वेबसाइट र मिडियामा सीमित नराखी गाउँ-टोल, चोक-चौतारो र घरदैलोमा छलफलको विषय बनाउनुपर्छ । अझ महत्त्वपूर्ण कुरा, नागरिकले दलहरूलाई त्यसका लागि बाध्य बनाउनुपर्छ । नेताले भाषण मात्रै गरेर हिँड्न नपाउने, ठोस प्रश्नको सामना गर्नैपर्ने वातावरण निर्माण हुनुपर्छ ।

मतदाताको भूमिका यहाँ निर्णायक हुन्छ । अब नागरिकले दल र उम्मेदवारसँग केवल भोट दिनुस् भन्ने आग्रह सुनेर चुप लाग्ने समय सकिनुपर्छ । अघिल्ला चुनावका घोषणापत्र अगाडि राखेर हिजो तिमीले के-के वाचा गरेका थियौ, ती किन पूरा भएनन् भनेर प्रश्न गर्न सक्ने साहस मतदातामा आउनुपर्छ । यसरी हिजोको उत्तर खोज्नु नै लोकतान्त्रिक चेतनाको पहिलो खुड्किलो हो । तर दायित्व त्यतिमै सीमित हुँदैन । यसपटकको घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धता पूरा गर्न तिम्रो स्पष्ट योजना के हो, स्रोत कहाँबाट आउँछ, कति समय लाग्छ, असफल भए जिम्मेवारी कसले लिन्छ - यी प्रश्न पनि घरदैलोमा भोट माग्न आएका दल र उम्मेदवारसँग सोधिनुपर्छ ।

यस्ता प्रश्नले मात्र राजनीतिक दल र तिनका नेतालाई दबाबमा पार्न सक्छ । जब नागरिक सचेत भएर प्रश्न गर्छन्, तब जे भने पनि पत्याइहाल्छन् भन्ने सोच चकनाचुर हुन्छ । भोलिका दिनमा घोषणापत्र लेख्दा दलहरू बढी गम्भीर बन्न बाध्य हुन्छन् । अव्यावहारिक सपना बेचेर चुनाव जित्ने संस्कार क्रमशः कमजोर हुँदै जान्छ ।

अन्ततः घोषणापत्रको सम्मान बढ्नु भनेको लोकतन्त्रको गुणस्तर सुधार हुनु हो । यो काम केवल दलले मात्र होइन, नागरिकले पनि गर्नुपर्छ । घोषणापत्रलाई कर्मकाण्डबाट जवाफदेहिताको दस्तावेजमा रूपान्तरण गर्ने जिम्मेवारी दुवै पक्षको साझा हो । यदि यसपटक मतदाताले प्रश्न गर्ने संस्कार विकास गर्न सके भने, यही चुनाव राजनीतिक संस्कार परिवर्तनको सुरुआत बन्न सक्छ । नत्र फेरि उही रंगीन सपना, उही पुराना वाचा र उही निराशाको चक्र दोहोरिइरहनेछ ।

# भारतीय पर्यटक बढाउने कार्यक्रम ल्याउन ढिला नगरौँ



निनाम लोवात्ती

सन् २०२३ मा ३ लाख १९ हजार ९३६ जना भारतीय पर्यटकहरू नेपाल भ्रमण गर्न आएका थिए भने, सन् २०२४ मा चाहिँ ३ लाख १७ हजार ७७२ जना भारतीय पर्यटक नेपाल भ्रमण गर्न आएका थिए । सन् २०२५ मा जम्मा २ लाख ९२ हजार भारतीय पर्यटकले नेपाल भ्रमण गरेका

नेपालको पर्यटन व्यवसायमा भारतीय पर्यटकहरूको योगदान निकै ठुलो छ । नेपाल आउने भारतीय पर्यटकको संख्यामा उतार चढाव देखिन्छ । विगत वर्ष अर्थात् सन् २०२४ को सेप्टेम्बर महिनादेखि भारतीय पर्यटक अलि कम आउन थालेका छन् । तथ्यांक हेर्दा लगभग ढेड वर्षदेखि नेपाल भ्रमण गर्न आउने भारतीय पर्यटकको संख्या कम हुँदै गएको देखिन्छ । हुन त नेपालमा धेरै पर्यटक आइरहेको देशमा छिमेकी भारत नै हो । भनाइको मतलब विगत लामो समयदेखि नेपाल आउने पर्यटकको पहिलो अर्थात धेरै संख्या भारतीय पर्यटक नै रहेका छन् । साथै नेपालमा दोस्रो धेरै संख्यामा विदेशी पर्यटक आउने देश चीन रहने गरेको थियो र छ ।

खासगरी सन् २०१२/०१३ देखि चिनियाँ पर्यटकले विश्वको भ्रमण गर्ने पर्यटकको पहिलो स्थान लिन थाल्यो । त्यही बेलादेखि नेपालमा पनि चिनियाँ पर्यटकले दोस्रो स्थान लिन थालेको थियो । जुन क्रम सन् २०१९ सम्म जारी रहेको थियो । त्यही बेलादेखि दोस्रो धेरै ठुलो संख्यामा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको स्थान चिनियाँ नागरिकले लिने गरेका थिए । तर, सन् २०१९ को अन्त्यमा चीनको दक्षिण-पूर्वी प्रान्त हुपेईको राजधानी वुहानबाट फैलन सुरु भएको कोरोना महामारी (कोभिड-१९) पछि चिनियाँ पर्यटकको संख्या लगातार घट्दै गयो । कतिसम्म भने सन् २०२० मा चौथो, सन् २०२१ मा चौथो, सन् २०२२ मा छैटौँ र सन् २०२३ मा तेस्रो स्थानमा र सन् २०२४ मा १ लाख १ हजार ८७९ जना चिनियाँ पर्यटक नेपाल भ्रमण गर्न आएका थिए ।

सर्वसाधारण चिनियाँ नागरिकहरूलाई चीन सरकारले सन् २००३ देखि मात्रै नेपालमा पर्यटक भई आउने अनुमति दिन थालेको हो । तथापि चिनियाँ नागरिकले नेपालमा पर्यटकका रूपमा आउन थालेको छोटो समयमा नै नेपाल आउने विदेशी पर्यटकको संख्यामा दोस्रो स्थान लिन थालेका थिए ।

यो लेखको शीर्षक नै 'अब भारतीय पर्यटक बढाउने कार्यक्रम ल्याऊँ ?' रहेको हुनाले यो लेख त्यसैतर्फ फोकस गर्दै छु । सन् २०२५ को ६ महिनासम्म नेपाल भ्रमण गर्न आएको पर्यटकको संख्यामा भारतीय पर्यटक नै प्रमुख वा भनौँ धेरै पर्यटक नेपाल आइरहेका छन् । त्यसो भए तापनि विश्व पर्यटन क्षेत्रको पछिल्लो तथ्यांकअनुसार पछिल्लोपटक भारतीय नागरिकहरू ठुलो संख्यामा युरोप, अस्ट्रेलिया, अफ्रिका, मध्यपूर्व, दक्षिण तथा उत्तर अमेरिकातिर पर्यटक भई भ्रमण गर्न निक्लन थालेका छन् ।

युरोपको एक देश जर्मनीकै एक उदाहण लिउँ । जुन देशमा भ्रमण गर्ने भारतीय पर्यटकको संख्या सन् २०२१ को तुलनामा सन् २०२३ मा ३०५ प्रतिशतले बढेको थियो । विश्व प्रसिद्ध पत्रिका 'इकोनोमिक्स टाइम्स'को ट्राभलसम्बन्धी लेख/फिचर/समाचारअनुसार जर्मनीमा सन् २०२१ को तुलनामा सन् २०२२ मा २०५ प्रतिशतले भारतीय पर्यटक आगमन वृद्धि भएको थियो । जर्मन ट्राभल मार्ट (जिटिएम) एवं जर्मन नेसनल टुरिज्म बोर्ड (जेएनटिबी) का अनुसार सन् २०२२ मा ६ लाख भारतीय पर्यटकहरू जर्मनीको भ्रमण गर्न गएका थिए ।

फेरि पनि भन्नु पर्दाखेरि लामो समयदेखि नेपाल आउने विदेशी पर्यटकको संख्या सबैभन्दा धेरै भारतीय नै रहेका छन । मतलब अहिलेसम्म भारतीय पर्यटकलाई अरू देशका पर्यटकहरूले संख्यात्मक हिसाबले जित्न सकेका छैनन् र, संभवतः अरू केही वर्ष (एक दशक) सम्म नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको पहिलो नम्बरमा भारतीय नागरिकहरू नै रहनेछन् । किनभने, उनीहरूलाई नेपाल भ्रमण गर्न भिसा शुल्क पनि लाग्दैन । चिनियाँ पर्यटकका लागि भने १५ दिन, ३० दिन र ९० दिने प्रवेशाज्ञा जारी गर्ने गरेको छ, नेपाल सरकारले ।

केही वर्ष वा एक दशकपछि नेपाल आउने विदेशी पर्यटकको ठुलो संख्या उत्तरको छिमेकी देश चीन हुने पक्का जस्तै देखिन्छ । आफ्नो भूगोलको आधा भाग एसिया महादेश र आधा भूगोल भाग युरोप महादेशमा पर्ने भए तापनि आफूलाई आधिकारिक रूपमा युरोप महादेशको देश मान्ने-ठान्ने 'तुर्किए/टुर्किए' (टर्की पुरानो नाम) मा भ्रमण गर्ने भारतीय पर्यटकको संख्या सन् २०२४ मा २०.७ प्रतिशतले बढेको थियो । यता एसिया महादेशको सानो देश सिंगापुरमा सन् २०२४ मा विदेशी पर्यटक आगमनको संख्यामा भारतीय पर्यटकको संख्या तेस्रो धेरै संख्या बन्न पुगेको थियो । इकोनोमिक्स टाइम्सले प्रकाशित गर्ने 'ट्राभल वर्ल्डस' एवम् सिंगापुर टुरिज्म बोर्ड (एसटिबी) ले जनाएअनुसार सिंगापुरमा सन् २०२४ मा भ्रमण गर्ने भारतीय पर्यटकको संख्या १२ लाख रहेको थियो । त्यसै गरी सन् २०२४ मा सिंगापुर भ्रमण दोस्रो धेरै पर्यटकचाहिँ इन्डोनेसियन रहेका थिए ।

तर, नेपाल भ्रमण गर्न आउने भारतीय पर्यटकको संख्या सन् २०२३ को तुलनामा सन् २०२४ मा ०.७ प्रतिशतले घटेको थियो । स्मरणीय छ, सन् २०२३ मा ३ लाख १९ हजार ९३६ जना भारतीय पर्यटकहरू नेपाल भ्रमण गर्न आएका थिए भने, सन् २०२४ मा ३ लाख १७ हजार ७७२ जना भारतीय पर्यटक नेपाल भ्रमण गर्न आएका थिए । भने सन् २०२५ मा जम्मा २ लाख ९२ हजार भारतीय पर्यटकले नेपाल भ्रमण गरेका थिए । त्यसो त सन् २०२४ मा भारतीय पर्यटक बोकेको बस दुर्घटना नभएको भए अनि बाढी-पहिरोका कारण सडक यातायातमा लामो समयसम्म अवरोध नआएको भए एवं प्रकारले हवाइजहाज तथा हेलिकोप्टर दुर्घटनाहरू नभएको भए २०२४ मा ०.७ प्रतिशतले घट्नुको सट्टा कम्तिमा ८-१० प्रतिशतले बढ्ने थियो भन्दा केही फरक नपर्ने देखिन्छ ।

अहिलेसम्मको स्थिति हेर्दा सन् २०२६ मा पनि भारतीय पर्यटकको संख्या उल्लेख्य रूपमा बढ्ने सम्भावना देखिँदैन । त्यसैले भारतीय पर्यटक बढाउने विशेष खाका र सहुलियत कार्यक्रमहरू ल्याऊँ । उदाहरणका लागि ५ जनाको समूह बनाएर नेपाल घुम्न आएमा त्यस्ता समूहमा आउने भारतीय पर्यटकलाई के-कति सेवा सुविधा दिने, ८ जनाको समूह आएमा त्यस्ता समूहमा आउने भारतीय पर्यटकलाई के-कति सेवा सुविधाहरू दिने, १० जनाको समूह आएमा त्यस्ता समूहमा आउने भारतीय पर्यटकलाई के-कति सेवा सुविधाहरू दिने, १२ जनाको समूह आएमा त्यस्ता समूहमा आउने भारतीय पर्यटकलाई के-कति सेवा सुविधाहरू दिने, हामीले कार्यक्रम र योजना बनाएर भारतीय पर्यटकलाई नेपाल घुम्न आउन प्रोत्साहित गर्न सकिन्छ । यसका लागि अझै पनि समय घर्किसकेको छैन ।

त्यसैले हामीले अब अरू देशहरूका पर्यटकका साथै भारतीय पर्यटकहरूलाई जतिसक्दो धेरैभन्दा धेरै संख्यामा भित्र्याउने प्रयास गर्नुपर्ने देखिन्छ । त्यसमा पनि अलि बढी खर्चिला खालका भारतीय पर्यटकलाई नेपाल भित्र्याउनका लागि हामीले पहलकदमी लिनुपर्ने देखिन्छ । हुन पनि भौगोलिक दुरीका हिसाबले हजारौँ किलोमिटर टाढाका युरोप महादेश, उत्तर अमेरिका महादेश, दक्षिण अमेरिका महादेश, अफ्रिका महादेश एवं धेरथोर संख्यामा अन्टार्कटिकातिर पनि भ्रमण गर्न जान आकर्षित भइरहेका छिमेकी देश (भारत) का पर्यटकहरूलाई कसरी नेपाल वार्षिक ११-१२ लाखको संख्यामा भित्र्याउने ? सो सम्बन्धमा हामीले वेला छँदै सोच्ने र आकर्षक कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

किनभने, अबका दिनमा उत्तरी छिमेकी देश चीनपछि विस्तारै हाम्रो देशको तीनतिर सिमाना भएको छिमेकी देश (भारत) का पर्यटकहरू नै विश्व भ्रमणमा निक्लने धेरै पर्यटक हुने देखिन्छ । यो कुरोलाई बेलैमा मनन गरेरै हुनुपर्छ,

## माघ २९ गतेको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | हानि । | मिथुन | छोटो यात्रा । | सिंह | अशान्ति बढ्ने । | तुला | विजय । | धनु | असंन्तोष । | कुम्भ | हानी |
| वृष | समस्या बढ्ने । | कर्कट | लाभ । | कन्या | अपमान । | वृश्चिक | खराब कर्ममा लाग्ने । | मकर | आनन्द । | मीन | बृद्धि । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# रास्वपाका प्रत्यक्षमा भिड्ने महिला उम्मेदवार




■ चमिना भट्टराई

चासो सबैको चुनावमै छ। पहिला टिकट कसरी पाउने, पाएपछि कसरी जित्ने भन्ने चिन्ता दलका नेतामा छ। अझ आधाभन्दा बढी महिला मतदाता रहेको हाम्रो मुलुकमा भोट लिनेचाहिँ पुरुष नै धेरै किन ? यस्ता प्रश्न पनि आउने गर्छन्। यो प्रश्न गर्नेमा दलभित्रै महत्त्वपूर्ण पदमा रहेका महिला पनि हुने गर्छन्। प्रायः दलहरूले टिकट दिँदा महिलालाई उत्ति साह्रो पत्याएको पाइन्न। जित्न सक्दैनन्, पैसा छैन। यस्तै यस्तै कुरा हुन्छ टिकटबाट वञ्चित गर्ने बहाना। यसलाई पन्छाउने मेलो भन्ने गरेको पनि सुनिन्छ।

निर्वाचन आयोगका अनुसार यसपालि प्रत्यक्षमा कुल ३ हजार ४८४ उम्मेदवारले मनोनयन पत्र दर्ता गरेका छन्। तीमध्ये महिला संख्या जम्मा ३८८ छ। विभिन्न राजनीतिक दलहरूबाट २ हजार २९७ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गरेकामा महिलाहरू जम्मा २३५ जना छन्। स्वतन्त्र उम्मेदवारी दिने १ हजार १८७ मध्ये १५७ जना महिला छन्।

२१ फागुनमा हुने प्रतिनिधिसभा चुनावमा विघटित प्रतिनिधिसभाको चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ १६ महिला उम्मेदवार बनाएको छ। आफूलाई वैकल्पिक शक्ति भन्न रुचाउने उक्त दल नयाँ हो। लामो राजनीतिक अनुभव भएका र संसदीय राजनीतिमा खारिएका दलको तुलनामा उक्त दलले प्रत्यक्षमा पूराना दलले भन्दा धेरै महिलालाई उम्मेदवार बनाएको छ। यसलाई रकारात्मक रूपमा लिनुपर्ने महिला राजनीति विश्लेषकहरू बताउँछन्।

रास्वपाले कोसीमा ५, मधेस र बागमतीमा ४-४ जना महिला उम्मेदवार बनाएको छ। यस्तै गण्डकी र सुदूरपश्चिमा १-१ र कर्णालीमा २ जना महिला रास्वपाको उम्मेदवार बनेका छन्। लुम्बिनीमा भने रास्वपाबाट महिला उम्मेदवार छैनन्। कोसीका २८ क्षेत्रमा सुनसरीमा १, झापा र मोरङबाट २-२ जना उम्मेदवार बनेका छन्। पूर्वउपसभामुख इन्दिरा रानामगरलाई झापा-२ बाट उम्मेदवार बनाइएको छ। झापा-१ बाट यसअघि समानुपातिक सांसद रहेकी निशा डाँगीलाई उम्मेदवार बनाइएको छ। सुनसरी-१ मा सरिन तामाङलाई रास्वपाले उम्मेदवार बनाएको छ। उनी गत निर्वाचनमा पनि यही क्षेत्रमा प्रतिस्पर्धी थिइन्। मोरङ-५ मा आशा झा र मोरङ ६ मा रुविना आचार्यलाई रास्वपाले उम्मेदवार बनाएको छ। मधेसको ३२ निर्वाचन क्षेत्रमा ४ जना महिलालाई रास्वपाले उम्मेदवार बनाएको छ। सप्तरी-१ मा पुष्पा चौधरी, धनुषा-१ मा किशोरी साह, महोत्तरी-४ मा गौरीकुमारी यादव र सर्लाही-१ मा नितिमा कार्की उम्मेदवार छन्।

३३ क्षेत्र रहेको बागमती पनि रास्वपाबाट ४ महिला प्रत्यक्ष चुनावी मैदानमा छन्। सामाजिक अभियन्ता आशिका तामाङ धादिङ-१ बाट प्रतिस्पर्धी बनेकी छन्। काठमाडौं-१ मा रञ्जु दर्शना उम्मेदवार बनिन्। समानुपातिकतर्फ उम्मेदवारको सूचीबाट हटाएर उनलाई प्रत्यक्षको उम्मेदवार बनाइएको हो। गत निर्वाचनमा काठमाडौं-२ मा निर्वाचित सोविता गौतम चितवन-२ बाट उम्मेदवार छिन्।

१८ निर्वाचन क्षेत्र रहेको गण्डकीमा रास्वपाबाट १ जना मात्रै उम्मेदवार विना गुरुङ छिन्। उनलाई कास्की-३ बाट उम्मेदवार बनाइएको छ। १२ निर्वाचन क्षेत्र रहेको कर्णालीमा हुम्लामा टासी ल्हाजोम र जुम्लामा विनिता कठायत उम्मेदवार बनेका छन्। वातावरणको क्षेत्रमा कार्यरत टासीको नाम समानुपातिकको सूचीबाट हटाएर प्रत्यक्षमा उठाइएको हो। विघटित संसद्मा समानुपातिक सांसद रहेकी कठायत प्रत्यक्षमा उठेकी छन्। यस्तै, १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा रास्वपाबाट सुदूरपश्चिममा कैलाली-१ बाट कोमल ज्ञवाली उम्मेदवार बनिन्। २६ निर्वाचन क्षेत्र रहेको लुम्बिनीमा भने रास्वपाका महिला उम्मेदवार छैनन्।

नेपालको संविधानले प्रतिनिधिसभामा प्रत्येक राजनीतिक दलको ३३ प्रतिशत महिला सांसद हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। हरेक पार्टीले यो संख्या पुऱ्याउन त पुऱ्याउँछन्, तर समानुपातिक निर्वाचन प्रणालीबाट। संविधानले प्रत्यक्ष निर्वाचनबाटै संसद्मा महिलाको प्रतिनिधित्व गराउनु भनेको छैन, जुन निर्वाचन प्रणालीबाट भए पनि ३३ प्रतिशत पुऱ्याउनु भनेकाले पनि दलहरूले प्रत्यक्षमा भन्दा महिलालाई समानुपातिकमा नै खुम्च्याउने गरेका छन्। दलहरूले यसैको फाइदा उठाउँदै प्रत्यक्ष चुनावमा धेरै महिला नउठाउने प्रवृत्ति हरेकजसो निर्वाचनमा देखिँदै आएको छ।

यसैले पनि महिलाका लागि समानुपातिक र पुरूषका लागि प्रत्यक्ष निर्वाचन प्रणाली भन्दै आलोचना हुने गरेको छ। यसले महिलाहरू प्रत्यक्ष चुनाव उठ्न सक्दैनन् भन्ने भाष्य निर्माण गर्न सहयोग पुगेको भनेर महिला नेता तथा अधिकारकर्मीले दलहरूको आलोचना पनि गर्दै आएका छन्। यसपालिको प्रतिनिधिसभा निर्वाचनमा पनि कुन पार्टीले प्रत्यक्षमा कति महिला उठाए भन्ने चासो छ। पुराना दलको विगत हेर्दा त प्रत्यक्ष चुनाव लड्न चाहने महिलाले पनि टिकट नपाउने अवस्था छ। टिकट दिँदा देश र पार्टीप्रति उसको लगानीभन्दा जित्ने अवस्था हेर्ने गरेको महिला नेताहरूको गुनासो सुनिन्छ।

रास्वपाले जति महिलालाई प्रत्यक्षमा मैदानमा उतारेको छ। त्यो पर्याप्त होइन, यद्यपि पुराना दलको तुलनामा सकारात्मक हो। दशकौं राजनीति गरेका तर अवसर नपाएमा महिला अहिले पनि पुराना दलमा छन्। रूपान्तरण र पुस्तान्तरणको कुरा गर्ने रास्वपाले महिला उम्मेदवारी दिने सवालमा गरेको निर्णयलाई पुराना दलको तुलनामा सह्राहनीय ठान्नु पर्छ। यससँगै रास्वपा धेरै महिला उम्मेदवार उठाउने पार्टी बनेको छ। कांग्रेसले ११, एमाले ८, नेकपाले १० जना महिलालाई उम्मेदवार बनाएको छ।

**रास्वपाबाट प्रत्यक्षमा भिड्दै १६ महिला**

१) **निशा डाँगी** : रास्वपाले झापा-१ बाट निशा डाँगीलाई उम्मेदवार बनाएको छ उनी पूर्वसांसद हुन्। उनलाई अघिल्लोपटक रास्वपाले समानुपातिक सांसद बनाएको थियो। यसपटक उनी प्रत्यक्ष उम्मेदवार बनेकी छन्। उनको प्रतिस्पर्धामा नेकपा एमालेका रामचन्द्र उप्रेती, नेपाली कम्युनिस्ट पार्टीका अशेष घिमिरे र कांग्रेसका केशवराज पाण्डेसँग हुँदै छ।

२) **इन्दिरा राना** : झापा-२ मा महिला उम्मेदवार इन्दिरा राना छिन्। उनी पूर्वउपसभामुख हुन्। उनको प्रतिस्पर्धामा एमालेका देवराज घिमिरे, नेपाली कम्युनिस्ट पार्टीकी धर्मशिला चापागाईं, कांग्रेसकी सरिता राईसँग हुँदै छ। एमालेका घिमिरे पूर्वसभामुख हुन्।

३) **गोमा तामाङ (सरिन)**: रास्वपाबाट सुनसरी-१ मा महिला उम्मेदवार गोमा तामाङ छिन्। २०७९ सालको निर्वाचनमा पनि उनी यही क्षेत्रबाट उम्मेदवार बनेकी थिइन् तर जित्न सकिनन्। यसपटक उनको प्रतिस्पर्धामा नेकपा एमालेका टीकाराम लिम्बू, नेपाली कम्युनिस्ट पार्टीका सूर्यबहादुर भट्टराई, कांग्रेसका सुजेन्द्र तामाङ, श्रम संस्कृति पार्टीका हर्कराज राई (हर्क साम्पाङ) सँग हुँदै छ।

४) **आशिका तामाङ** : धादिङ-१ बाट आशिका तामाङ चुनाव लड्दै छिन्। उनको प्रतिस्पर्धामा एमालेका भूमि त्रिपाठी, नेपाली कम्युनिस्ट पार्टीका राजेन्द्रप्रसाद पाण्डे, कांग्रेसका कृष्ण रिजालसँग हुँदै छ।

५) **सोविता गौतम** : रास्वपा नेत्री सोविता गौतम यसपटक चितवन-३ मा उम्मेदवार बनेकी छन्। गौतमले गतवर्ष काठमाडौं-२ बाट चुनाव जितेकी थिइन्। उनको प्रतिस्पर्धामा नेकपा एमालेका शंकरराज थपलिया, नेपाली कम्युनिस्ट पार्टीकी रेणु दहाल, कांग्रेसका टेकप्रसाद गुरुङसँग हुँदै छ।

६) **रञ्जु दर्शना** : रञ्जु दर्शना रास्वपाबाट काठमाडौं-१ मा उम्मेदवार बनेकी छन्। उनी यसअघि विवेकशील साझा पार्टीबाट काठमाडौं-५ को उम्मेदवार बनेकी थिइन्। यसपटक उनको प्रतिस्पर्धामा नेकपा एमालेका मोहन रेग्मी, नेपाली कम्युनिस्ट पार्टीका मेनका भण्डारी (कृतु), कांग्रेसका प्रवल थापासँग हुँदै छ।

७) **डा.तोसिमा कार्की** : डा.तोसिमा कार्की यसपटक पनि ललितपुर-३ बाट उम्मेदवार बनेकी छन्। यसअघिको चुनावमा पनि तोसिमाले यही क्षेत्रबाट जितेकी थिइन्। उनको प्रतिस्पर्धामा यसपटक नेकपा एमालेबाट सन्दन थापा, नेपाली कम्युनिस्ट पार्टीका रामकाजी महर्जन, कांग्रेसका जितेन्द्रकुमार श्रेष्ठसँग हुँदै छ।

८) **बिनाकुमारी गुरुङ** : समाजसेवीको छवि बनाएकी बिनाकुमारी गुरुङ रास्वपाबाट कास्की-३ मा उम्मेदवार बनेकी छन्। उनी कास्की-३ बाट उम्मेदवार बनेकी हुन्। उनको प्रतिस्पर्धा एमालेबाट दामोदर पौडेल, नेपाल कम्युनिस्ट पार्टीबाट गोपाल गिरी र कांग्रेसका मनोज गुरुङसँग हुँदै छ।

९) **विनिता कठायत** : विनिता कठायत जुम्लाबाट उम्मेदवार बनेकी छन्। उनी यसअघि पनि रास्वपाकी समानुपातिक सांसद थिइन्। यसपटक उनको प्रतिस्पर्धा एमालेका शान्तिलाल महत, नेपाल कम्युनिस्ट पार्टीका नरेश भण्डारी र कांग्रेसका दीपबहादुर शाहीसँग हुँदै छ।

१०) **टासी ल्हाजोम** : रास्वपाले टासी ल्हाजोमलाई हुम्लाबाट उम्मेदवार बनाएको छ। उनको प्रतिस्पर्धा एमालेका दल फडेरा, नेपाली कम्युनिस्ट पार्टीका दीपेन्द्र रोकाया र कांग्रेसका जयपति रोकायासँग हुँदै छ।

११) **आशा झा** : रास्वपाले मोरङ-५ मा आशा झालाई उम्मेदवार बनाएको छ। उनको प्रतिस्पर्धामा नेकपा एमालेका मनोज अग्रवाल, नेपाली कम्युनिस्ट पार्टीका शिवकुमार मण्डलसँग हुँदै छ।

१२) **रुविना आचार्य** : रास्वपाबाट मोरङ-६ मा पनि महिला उम्मेदवार बनेकी छन्, रुविना आचार्य। उनको प्रतिस्पर्धामा एमालेका विनोद ढकाल, नेपाली कम्युनिस्ट पार्टीका ओपेन्द्रकुमार राय र कांग्रेसका शेखर कोइरालासँग हुँदै छ।

१३) **पुष्पा चौधरी** : रास्वपाले सप्तरी-१ बाट पुष्पा चौधरीलाई उम्मेदवार बनाएको छ। उनको प्रतिस्पर्धा एमालेका सुमनराज प्याकुरेल, नेपाली कम्युनिस्ट पार्टीका रवीन्द्र चौधरी, कांग्रेसका रामदेव साहसँग हुँदै छ।

१४) **गौरीकुमारी यादव** : महोत्तरी-४ मा रास्वपाबाट गौरीकुमारी यादव उम्मेदवार छिन्। उनको प्रतिस्पर्धा एमालेका सरोजकुमार यादव, नेपाली कम्युनिस्ट पार्टीका भरतप्रसाद साह, कांग्रेसका महेन्द्रकुमार रायसँग हुँदै छ।

१५) **नीतिमा कार्की** : सर्लाही-१ मा रास्वपाबाट नीतिमा कार्की उम्मेदवार बनेकी छन्। उनको प्रतिस्पर्धा एमालेका मनोज देवकोटा, नेपाली कम्युनिस्ट पार्टीका प्रमोद साह, कांग्रेसका शम्भुलाल श्रेष्ठसँग हुँदै छ।

१६) **कोमल ज्ञवाली** : रास्वपाले कैलाली-१ मा कोमल ज्ञवाली उम्मेदवार बनाएको छ। उनको प्रतिस्पर्धा एमालेका द्वारिकाप्रसाद न्यौपाने, नेपाली कम्युनिस्ट पार्टीका रामलाल डगौरा थारू, कांग्रेसका जनकराज चौधरीसँग हुँदै छ।


**माइग्रेशन हराएको सूचना**

मिति २०८२ मंसिर २ गते अस्कल क्याम्पसबाट मेरो निम्न विवरण भएको माइग्रेसन सटिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा मेरो ९८१७८४०४१५ बुझाई दिनुहुन अनुरोध गर्दछु।

**नाम : कृष्ण मुरारी मण्डल**
**ठेगाना : जनकपुर, धनुषाधाम**
**रजिष्टेशन नम्वर : ७९२१७०३४००१५**
**फोन नं. : ९८१९६४५१५७**

**जापानमा रोजगार** Company: LIFE VISION Cooperative

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/६/१० चलानी नं.६०२४६३३५ LT No.: 331775

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Food Manuacturing | 6 | 0 | कामदार | 187650 | १,७७,१९०।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | रु.५०,०००।- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा २०८२ फागुन ७ गते (19 Feb., 2026) हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्। ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसंग राख्नुहोस्। ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुभ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्वन्धमा थप केही बुभ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्रायमिकता दिइने छ।**

**Kizuna HR Solution Pvt. Ltd.** श्रम ईजाजत नं.: १६१२/०७९/०८०
Tokha-7, Basundhara, Kathmandu, Tel.: 01-4977677, Email: info@kizunahrsolution.com.np


## KONJYOSOM RURAL MUNICIPALITY
## Office of The Rural Municipal Executive
**Chaughare, Lalitpur**
**Bagmati Province, Nepal**

## Invitation for e-Bids

**First Date of publication: 2082/10/29 B.S. (2026/2/12 A.D.)**

1. The Konjyosom Rural Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Konjyosom Rural Municipality, Office of Rural Municipal Executive, Chaughare, Lalitpur invites electronic bids only for the Construction of the following project as specified in table below under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

A) Under National Competitive Bidding (NCB) - Single Stage Two Envelope Bidding Procedures

| S. N. | Contract ID | Name of Project | Key Qualification | | Cost of Bidding Document NRs. | Bid Security NRs. | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KONJYOSOM/NCB/W/082/83-11 | Construction of Bhardeu Health Post Building Konjyosom Rural Municipality-5, Bhardeu, Lalitpur | Minimum Work experience of similar size and nature | At least One contract within the last ten (10) years, each with a value of at least NRs. 13,224,355.00 | 5,000.00 | 826,523.00 | 2082/11/20 BS (2026/3/4 AD) Time: 14:00 hrs | 2082/12/01 BS (2026/3/15AD) Time: 12:00 hrs | 2082/12/01 BS (2026/3/15 AD) Time: 13:00 hrs |
| | | | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | NRs: 24,795,665.00 | | | | | |
| | | | Construction Experience in Key Activities | i. Rubble Stone Masonary 1:6 c/s: 238.32 Cum Per year<br>ii. RCC Works M20: 235.55 Cum per year<br>iii. TMT Steel reinforcement Works: 27.29 Cum per year (production rate) | | | | | |

1. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
2. Eligible Bidders may obtain further information from the Konjyosom Rural Municipality, Office of the Rural Municipal Executive, Chaughare, Lalitpur, during office hour. or may visit PPMO website: www.bolpatra.gov.np/egp/
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
4. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
5. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम प्रकाशित मितिः २०८२/१०/२९**

यस पुष्पान्जली सा. व.उ.स. दुधौली न.पा. १३, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ८१ को १०१३.५५ क्यूफिट काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री पुष्पान्जली सा.व.उ.स.**
**दुधौली न.पा.- १३, सिन्धुली**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/२४ मा प्रा.लि.नं.२६१३८७ दर्ता भएको **ब्युल्ड मी प्रा.लि.** को मिति २०८२/१०/१८ मा सम्पन्न विषेश साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पत्र नं. ३९१)**
**बिजुलीबजार, काठमाण्डौ, सम्पर्क : ९८४१४४९३३८**

**माईग्रेशन हरायो**

मिति २०८२।०९।२० गते काठमाडौ जि. गोकर्णेश्वर न.पा.३ देखि गौशालासम्म जाँदा मेरो+२ माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**तपशिल :**
**नाम :** भानुभक्त नाछिरिङ
**ठेगानाः** गाकर्णेश्वर न.पा ३, काठमाडौं
**रजिष्ट्रेशन नंः** ७२११०४०१९
**रोल नंः** २७७७६७
**सम्पर्क नं.:** ९७६४७९२१७२



**Koshi Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

# Infrastructure Development Office

**Okhaldhunga, Nepal**

## Invitation for Electronic Bids

**Date of Publication: 2082-10-29(12th February, 2026)**

1. Koshi Province Government, Ministry of Physical Infrastructure Development, Infrastructure Development Directorate, Infrastructure Development Office, Okhaldhunga, Nepal invites bids from eligible bidders for following works:

| S. N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-36-2082/083 | Track Open Of Pipal Danda Devitar Agriculture Road Ward no. 7, Likhu | NRs. 678172.32 | 18000.00 (2026-06-13) | 3000.00 |

2. Submission and Opening of Bids:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2082-12-01 (2026/03/15) | Before 12:00 noon | 2082-12-01 (2026/03/15) | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Pre-bid meeting shall be held at the office on 2082/11/17(01st March, 2026) at 13:00 hours. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 2070100202030000 (Dharauti) | Office Code: 3370110011 |
| Infrastructure Development Office, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 1000100200010000 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**



# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**इभाङ, इलाम**
**कोशी प्रदेश, नेपाल**

कोशी प्रदेश पर्यटन वर्ष २०८२

## बोलपत्र स्वीकृतीको आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२/१०/२९**

यस कार्यालयबाट विभिन्न मितिहरु मा पहिलो पटक प्रकाशित सूचना अनुसार निम्न कार्य गर्नको लागि राष्ट्रिय स्तरको बोलपत्र प्रकाशन गरि तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| ठेक्काको विवरण | ल.ई.रकम रु. (मु.अ.कर र पि.एस. सहित) | स्वीकृत वोलपत्रदाता | कबोल रकम रु. (मु.अ.कर र पि.एस. सहित) | ल.ई. भन्दा घटि/बढि रकम रु.(मु.अ.कर र पि.एस. सहित) | बोधार्थ (कबोल रकम मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|---|
| Upgradation of Marchebung-Tin Dobhane-Mahamai Road Mangsebung-(MRM/NCB/WORK/R/2082/083) | 20000000 | SangoVision Construction & Suppliers Pvt. Ltd. Mangsebung-2, Ilam | 12632438.24 | 7367561.76 (36.83%) | 1.Dakshinkali/Jaya Guru JV (Nrs. 15188470.57)<br>2. Prinsa Nirman Sewa (Nrs. 15248144.38)<br>3. Mangsebung Gajurmukhi Nirman Sewa (Nrs. 15645911.07)<br>4. Januka Builders Pvt. Ltd. (Nrs. 16245915.19)<br>5. Namhang Construction & Supliers Pvt. Ltd. (Nrs. 17550583.92)<br>6. Bhumika Construction & Suppliers (Nrs. 17955863.62) |
| Procurement, Supply and Installation of Pipes and Distribution Chamber of Miklajung Water Supply Project Mangsebung-2,6 (MRM/NCB/WORK/WS/2082/083) | 76000000 | N.K. Pathivara Construction & Suppliers Pvt. Ltd. | 5234481.29 | 2365518.71 (31.125%) | 1. SangoVision Construction & Suppliers Pvt. Ltd. (Nrs. 5449316.66)<br>2. Bhumika Construction & Suppliers (Nrs. 6595390.97)<br>3. Chaubise Construction (Nrs. 7077494.74)<br>4. Abhinav Nirman Sewa (Nrs. 7503791.65) |
| Construction of Veterinary Hospital in Mangsebuung Ru. Mun.(MRM/NCB/WORK/B/2082 /083-2) | 6406000 | Deumai Nirman Sewa Deumai-9, Ilam | 4988323.37 | 1417676.63 (22.13%) | 1. GD Construction (Nrs. 5352311.40)<br>2. Aarsan Construction (Nrs. 5363511.51) |
| Collection and Extraction of Natural River Bed Materials (Sand, Gravel and Boulder) from different Areas/Ghat of Ratuwa Khola River in Mangsebung Rural Municipality (For Enternal Revenue Collection) MRM/Revenue/2082/83-2 | 2477739.38 | Manakamana Kali Nirman Sewa, Damak-4, Jhapa | 2597870 | 120130.61 (4.84%) | |

**प्रमुख प्रशासकिय अधिकृत**


## तेस्रो मुद्दामा...

आयोगका अनुसार बाग्मती नगरपालिका-४ र १२ मा पर्ने मूर्तिया वन व्यवस्थापन शाखाअन्तर्गतको क्षेत्रमा कानुनी प्रक्रिया पूरा नगरी ब्लक नम्बर ६, ८, ११ र १२ को राष्ट्रिय वन क्षेत्रमा कानुनी प्रक्रिया पूरा नगरी बहुउद्देश्यीय माछा पोखरी निर्माणका नाममा ढुंगा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थ उत्खनन गरी ७ करोड ३८ लाख क्युबिक फिटभन्दा बढी वन पैदावार निकालिएको थियो।

अख्तियारले अनुसन्धानबाट सागरनाथ वन विकास परियोजना तथा मातहतका अधिकारी र बाग्मती नगरपालिकाका पदाधिकारीबीच मिलेमतो भएको देखिएको जनाएको छ। अख्तियारले दायर गरेको आरोपपत्रमा सागरनाथ परियोजना तथा मातहतको मूर्तिया वन व्यवस्थापन शाखाका जिम्मेवार अधिकारीहरूले कानुनी कारबाही अघि नबढाई मौन सहमति दिएको तथा वन ऐन र नियमावलीअनुसार राजस्व उठाउन तथा कसुरमा अनुसन्धान गराउनुपर्ने, कानुनबमोजिम उठाउनुपर्ने रोयल्टीबापतको राजस्वसमेत आपसमा मिलेमतो गरी भ्रष्टाचार गरेको उल्लेख छ।

**थापासहित १३ प्रतिवादी**

अख्तियारले सागरनाथ परियोजनासँग सम्बन्धित तत्कालीन परियोजना प्रमुख विशाल घिमिरेसँगै तत्कालीन निमित्त प्रमुखहरू देवेशमणि त्रिपाठी, रामकिशोर यादव, प्रेमीलालप्रसाद कलवार, तत्कालीन सहायक वन अधिकृत चन्द्रकुमारी श्रेष्ठ, तत्कालीन सहायक वन अधिकृत शिवेन्द्रप्रसाद चौधरी, कार्यालय प्रमुख जितेन्द्र कर्माचार्य र सहायक वन अधिकृत भोला यादवविरुद्ध जनही ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँ ९९ पैसा बिगो र सोको दोब्बर जरिमाना तोकी मुद्दा दायर गरेको छ। त्यस्तै, बाग्मती नगरपालिकातर्फ मेयर थापासहित उपमेयर लीलाकुमारी मोक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र तत्कालीन इन्जिनियर सागर पौडेललाई पनि त्यति नै रकम बिगो र दोब्बर जरिमाना मागदाबी लिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो र दोब्बर जरिमानासहित प्रतिवादीविरुद्ध आयोगले कैद सजायको माग गर्दै राजस्व चुहावटको कसुरमा थप सजायको समेत माग गरेको छ।

**आफ्नै नामको तालमा गरेको भ्रष्टाचारले...**

वन अतिक्रमण, ताल निर्माण, ढुंगा, गिट्टी, बालुवा, माटोको अवैध उत्खनन गरेको कसुरमा मधेस प्रदेशको वन तथा वातावरण मन्त्रालयले मुद्दा दायर गरेको थियो। १ अर्ब ४७ करोडभन्दा बढी बिगो दाबीसहितको मुद्दामा उनी अहिले ५० लाख रुपैयाँ धरौटी बुझाएर बाहिर छन्।
४ जेठ, २०८२ मा अख्तियारले ५६ करोड ७१ लाख रुपैयाँ बिगो मागदाबीसहित थापाविरुद्ध सोही भरत तालमा भ्रष्टाचार गरेको आरोपमा अर्को मुद्दा दायर गरेको थियो। माछा पाल्ने निहुँमा संघीय र मधेस प्रदेश सरकारबाट पटकपटक अनुदान लिई राष्ट्रिय वन क्षेत्रमा बिनास्वीकृति पोखरी बनाई अनियमितता गरेको आरोप अख्तियारको छ। उक्त मुद्दामा थापासहित मधेसका पूर्वअर्थमन्त्री विजय कुमारसमेत प्रतिवादी छन्। यो मुद्दा अझै टुंगिएको छैन। यस मुद्दामा गत पुस २९ मा साक्षी बुझ्ने आदेश भएको छ। त्यस्तै, भरत ताल निर्माणकै क्रममा भ्रष्टाचार भएको भन्दै आयोगले २९ जेठ, २०८१ मा थापासहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। त्यसबेला ३० करोड २९ लाख ३४ हजार रुपैयाँ भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको मुद्दामा थापालाई दोषी ठहर गर्दै विशेष अदालतले गत साउनमा ८ वर्ष कैद र १० करोड ९ लाख ७८ हजार २९९ रुपैयाँ जरिमानाको फैसला सुनाएको थियो। अकुत सम्पत्ति आर्जन गरेको दाबीसहित २८ चैत, २०८० मा अख्तियारले थापाविरुद्ध पहिलो मुद्दा दायर गरेको थियो। ५ करोड ३३ लाख ५३ हजार बिगो कायम भएको गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उक्त मुद्दामा विशेष अदालतले गत साउन २१ गते फैसला गर्दै थापालाई दोषी ठहर गरेको थियो। उनलाई १ वर्ष कैद र ३ करोड ४५ लाख २२ हजार ३८७ रुपैयाँ जरिमाना गर्ने र उनको नाममा रहेको अवैध सम्पत्ति जफत गर्न फैसला सुनाएको थियो।

## खर्च गर्नै...

कर्णाली प्रदेशको पुँजीगत खर्च ७.९० प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.०९ प्रतिशतमा सीमित छ।

प्रदेशहरूले प्रशासनिक (चालु) खर्चतर्फ २१.४३ प्रतिशत प्रगति हासिल गरे पनि जनताको विकाससँग जोडिएको पुँजीगत खर्च भने एकल अंकमा सीमित हुनुले प्रदेश सरकारहरूको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाएको छ। चालु खर्चको अंश बढ्दै जाने र पुँजीगत खर्च न्यून हुने संरचनागत समस्या कायमै रहनु अर्थतन्त्रका लागि सुखद् समाचार नभएको अर्थविद्हरू बताउँछन्। हस्तान्तरण गरिएको रकम प्रदेश र स्थानीय तहमा खर्च नभई बजेट नै निष्क्रिय हुने, तर संघीय सरकारले नगद अभावका कारण सार्वजनिक ऋण लिनुपर्ने विरोधाभासपूर्ण स्थिति छ। प्रदेश र स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीको अवकाशपछिको दायित्व भुक्तानीका लागि स्रोत सुनिश्चित नहुँदा भविष्यमा ठुलो वित्तीय भार पर्ने जोखिमप्रति विज्ञहरूले सचेत गराएका छन्। आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा बेरुजुको आकार बढ्दै गएको छ।

सार्वजनिक प्रतिवेदनअनुसार ३ तहको कार्यक्षेत्र थप स्पष्ट पारी संगठन संरचना र दरबन्दी पुनर्संरचना गर्ने, प्राकृतिक स्रोतको परिचालन, रोयल्टी संकलन र बाँडफाँटलाई व्यवस्थित गर्न एकीकृत रोयल्टी व्यवस्थापनसम्बन्धी कानुन बनाउने र सार्वजनिक खर्च प्रणालीलाई थप जबाफदेही बनाउन बजेट अनुशासनसम्बन्धी कानुन तर्जुमा गर्नेलगायत सुधारका बुँदा अघि सारेको छ। त्यस्तै, वित्तीय हस्तान्तरणलाई वैज्ञानिक र पूर्वानुमानयोग्य बनाउन स्वचालित प्रणाली कार्यान्वयन गर्ने, सिर्जित दायित्व भुक्तानीका बेला स्वतः हस्तान्तरण हुने प्रणाली विकास गरी संघीय सञ्चित कोषको नगद व्यवस्थापन सुधार गर्ने र कर्मचारीको दीर्घकालीन दायित्वका लागि योगदानमा आधारित अवकाश कोषसम्बन्धी व्यवस्था अनिवार्य कार्यान्वयन गराउने अर्थको प्रतिवेदनमा उल्लेख छ।

## कर्णालीका दुःख...

खानेपानीकै अभावमा १० वर्षको अवधिमा यहाँका ५० प्रतिशत स्थानीय अन्यत्र बसाइँ सरिसकेका छन्।

निर्वाचनको समयमा गाउँको विकास गर्छौं भनेर आश्वासन दिए पनि कुनै उम्मेदवारले बाचा पूरा नगरेको चौकुनेका स्थानीय तपेन्द्र बुढाक्षेत्रीले बताए। 'गाउँमा खानेपानी, सडक, विद्युत् ल्याउँछौं भनेर सबै पार्टीका उमम्मेदवारले मत मागे। जनताले पत्याएर मत दियौं पनि। तर, अहिलेसम्म कुनै काम भएन,' उनले भने। सुर्खेत-२ बाट एमालेका नवराज रावत, कांग्रेसका तप्तबहादुर बिष्ट, हृदयराम थानी संघीय मन्त्री बने। एमालेका यामलाल कँडेल कर्णालीको मुख्यमन्त्री छन्। माओवादी केन्द्रका विन्दमान विष्ट कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री बने पनि चौकुनेबासीको दैनिकीमा भने कुनै सुधार नआएको स्थानीयको भनाइ छ।

जाजरकोट जिल्लाबाट चुनाव जितेर पटक-पटक शक्तिशाली मन्त्रालयको नेतृत्व गरेका जाजरकोटका शक्तिबहादुर बस्नेत चौथो पटक जाजरकोटबाट नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार छन्। उनले हरेक चुनावमा आफ्नो नारा बनाएको साँघुतरा-सिर्केस्थित नलगाड नदीको 'झोलुंगे पुल मर्मत' अहिले पनि जीर्ण छ। २५ वर्षअघि निर्माण गरिएको झोलुंगे पुल मर्मत गर्ने, नलगाड जलविद्युत् आयोजना, जाजरकोट-जुम्ला सडकलगायत गौरवका आयोजना अघि बढाउने उनको २ दशकअघिदेखिकै चुनावी नारा अहिले पनि देखिएको छ। पछिल्लो २ दशकयता कर्णाली समृद्धिको नारा बोकर नेपाली कांग्रेस निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, कर्णालीका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही, नेकपा एमालेका सचिव यामलाल कँडेल, नवराज रावत, नेपाली कम्युनिस्ट पार्टीका जनार्दन शर्मा, शक्तिबहादुर बस्नेत, प्रकाश ज्वाला, धनबहादुर बुढा, अम्मरबहादुर थापा, गोमा कुँवर र नेकपा माओवादीका खड्कबहादुर विश्वकर्मा र नवीन विश्वकर्मालगायत नेताहरू पटक-पटक सांसद र मन्त्री बनेका छन्।

संघीयतापछि ४ जना कर्णाली प्रदेशका मुख्यमन्त्री र दर्जनौं मन्त्रीहरू बनिसक्दा पनि कर्णालीका समस्या समाधान नभएको स्थानीयको गुनासो छ। चुनावका बेला नेताहरूको भाषणमा कर्णालीको गरिबी अन्त्य, रोजगारी सिर्जना, सडक-स्वास्थ्य सुधारका प्रतिबद्धता दोहोरिए पनि ती पूरा गर्न भने नेताहरू उदासीन देखिन्छन्। प्रदेश र संघीय बजेटमा कर्णालीका लागि सडक, पुल, स्वास्थ्य संस्था र कृषि कार्यक्रमहरू घोषणा भए पनि धेरै योजना अधुरै छन्। कर्णालीको विकासका लागि चुनावी नारा होइन, दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने स्थानीयको भनाइ छ।

## जित्ने मनोबलसहित...

'विश्वकपमा इटालीविरुद्धको खेलमा दबाब हुने भए पनि त्यसलाई राम्रोसँग सामना गर्ने क्षमता नेपाली टोलीसँग छ। विश्वकपमा खेल्दा स्वाभाविक रूपमा प्रेसर हुन्छ, सबैले देशका लागि राम्रो खेल्ने अपेक्षा गर्छन् र जसले दबाबलाई राम्रोसँग सम्हाल्छ, त्यो टोली नै जित्ने सम्भावना बढी हुन्छ,' खेलको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा उनले भनेका छन्, 'इटालीसँगको खेलमा हामी राम्रो प्रदर्शन गर्दै पहिलो जित निकाल्ने लक्ष्यमा छौं।'

२ पटकको टी-२० विश्वकप विजेता तथा वरीयताको तेस्रो स्थानमा रहेको इंग्ल्यान्डविरुद्ध नेपाल जितनजिक थियो। तर, अन्तिम ओभरको दबाब झेल्ने अनुभव नहुँदा नेपाल पराजित हुन पुग्यो। अब इटालीविरुद्ध भने नेपाललाई यो गल्ती दोहोऱ्याउने छुट हुनेछैन। नेपाली टोली बलिङमा भरपर्दो मानिन्छ। तर, इंग्ल्यान्डविरुद्ध ब्याटरहरूले देखाएको प्रदर्शनले नेपाल अब ब्याटिङमा पनि कमजोर छैन भन्ने सन्देश दिएको विश्लेषकहरूको भनाइ छ। विशेष गरी, ओपनर कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल र लोकश बमले इंग्ल्यान्डविरुद्ध उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए। बलिङमा इकोनोमीका हिसाबले सन्दीप लामिछाने र विकेटका हिसाबले दीपेन्द्र र नन्दन यादव अब्बल सावित भएका छन्।

नेपालले यसअघि सन् २०२४ मा पनि विश्वकपमा सहभागिता जनाएको थियो। अधिकांश खेलाडी सोही विश्वकप खेलेका नै भएकाले यस पटक अनुभवले पनि काम गर्ने अपेक्षा गरिएको छ। नेपालले समग्रमा तेस्रो पटक विश्वकप खेल्न लागेको हो। नेपालले पहिलो पटक सन् २०१४ र दोस्रो पटक २०२४ मा विश्वकप खेलेको थियो। समूह 'सी' मा रहेको नेपालले फेब्रुअरी १५ (३ फागुन) मा वेस्ट इन्डिज र फेब्रुअरी १७ (५ फागुन) मा स्कटल्यान्डविरुद्ध प्रतिस्पर्धा गर्नेछ। समूहमा शीर्ष २ स्थानमा रहने टोली मात्र सुपर-८ मा पुग्ने भएकाले नेपाललाई बाँकी खेलमा राम्रो गर्नुपर्ने दबाब छ। बाँकी ३ वटै खेल जितेमा नेपाल लगभग शतप्रतिशत सुपर-८ मा पुग्नेछ भने २ खेल मात्र जितेमा अन्य टोलीको नतिजा कुर्नुपर्ने हुन्छ।

## ६० माथिका यी शीर्ष र चर्चित नेता, जो भिड्दै छन्...

यस्तै, झापा-२ मा एमालेबाट ६९ वर्षीय पूर्वसभामुख देवराज घिमिरे चुनावी प्रतिस्पर्धामा छन्। उनीसँग श्रम संस्कृति पार्टीबाट ४० वर्षीय केशवकुमार भण्डारी र जनता समाजवादी पार्टीबाट ३८ वर्षीय तिलकुमार राईले प्रतिस्पर्धा गर्दैछन्। स्वतन्त्र उम्मेदवारका रूपमा ६६ वर्षीय युवराज संग्रौला पनि त्यहाँ प्रतिस्पर्धा गर्दै छन्।

त्यस्तै, इलाम-२ बाट एमालेबाट ३६ वर्षीय सुहाङ नेम्वाङ उम्मेदवार बनेका छन्। उनले कांग्रेसका ६१ वर्षीय भेषराज आचार्य र राप्रपाका ६४ वर्षीय गणेशप्रसाद दुलालसँग प्रतिस्पर्धा गर्दैछन्। यहाँ रास्वपाबाट ३२ वर्षीय गोकुलबहादुर राई प्रतिस्पर्धामा छन्। काठमाडौं-५ मा ७२ वर्षीय ईश्वर पोखरेल एमालेबाट प्रतिस्पर्धामा छन् भने राप्रपाबाट ७० वर्षीय कमल थापा उम्मेदवार छन्। उनीहरूलाई रास्वपाका २९ वर्षीय सस्मित पोखरेलले चुनौती दिएका छन्। त्यस्तै, संयुक्त नागरिक पार्टीबाट ३६ वर्षीय श्यामकाजी सुनुवार, गतिशील लोकतान्त्रिक पार्टीबाट ३९ वर्षीय निशा अधिकारी र श्रम संस्कृति पार्टीका ३८ वर्षीय अमित थापा पनि प्रतिस्पर्धामा छन्।

त्यस्तै, लमजुङ-१ मा एमालेबाट ६८ वर्षीय पृथ्वीसुब्बा गुरुङ उम्मेदवार छन्। उनलाई नेकपाका ३५ वर्षीय हरिजंग थापाले चुनौती दिएका छन्। राप्रपाका ७४ वर्षीय केबिन्द्रजंग गुरुङ पनि उम्मेदवार रहेको यस क्षेत्रमा नेमकिपाकी ३९ वर्षीय गुजेश्वरी प्रजापति मगजू, श्रम संस्कृतिका ३७ वर्षीय कोषलाल गुरुङ र नेकपा (माओवादी) का ३९ वर्षीय रवीन्द्र नखोला पनि उम्मेदवार छन्। गुल्मी-१ मा एमालेका ६४ वर्षीय प्रदीप ज्ञवाली, कांग्रेसका ६४ वर्षीय चन्द्र भण्डारी र राप्रपाका ६० वर्षीय अजितकुमार श्रेष्ठलाई रास्वपाका ३४ वर्षीय सागर ढकालको चुनौती छ। रुपन्देही-२ मा एमालेका ६६ वर्षीय विष्णु पौडेल र कांग्रेसका ६० वर्षीय चुन्नप्रसाद शर्मासँग प्रतिस्पर्धा गर्न नेकपाबाट ३९ वर्षीय सुभाष पाण्डे र रास्वपाबाट २८ वर्षीय सुलभ खरेल मैदानमा उत्रिएका छन्। यहाँ जनमतबाट ३१ वर्षीय रमेश लोधले पनि उम्मेदवारी दिएका छन्।

दाङ-२ मा एमाले महासचिव ६३ वर्षीय शंकर पोखरेल, कांग्रेसका ६३ वर्षीय किरणकिशोर घिमिरेलाई रास्वपाका सहमहामन्त्री ३९ वर्षीय विपिन आचार्यले हाँक दिइरहेका छन्। यस्तै, यहाँ प्रलोपाका २६ वर्षीय प्रतीक अधिकारी पनि उम्मेदवार छन्। मोरङ-२ मा कांग्रेसका ६८ वर्षीय मीनेन्द्र रिजाल र नेकपाका ७० वर्षीय चन्द्रवीर राईसँग रास्वपाका ४० वर्षीय कृष्णकुमार कार्की प्रतिस्पर्धामा छन्। कांग्रेस नेता ७५ वर्षीय शेखर कोइराला मोरङ-६ मा उम्मेदवार बन्दा उनलाई रास्वपाकी ३१ वर्षीया रुविना आचार्य, राप्रपाका २७ वर्षीय सविन निरौला र नेकपा (माओवादी) का ४० वर्षीय कुमारप्रसाद खतिवडाले चुनौती दिएका छन्।

सुनसरी ३ मा ७२ वर्षीय विजयकुमार गच्छदार कांग्रेसबाट उम्मेदवार बन्दा नेमकिपाकी ३८ वर्षीय प्रकृति बासी र प्रलोपाका ४० वर्षीय प्रमोद पौड्याल उम्मेदवार छन्। धनुषा-३ मा कांग्रेसका ६९ वर्षीय विमलेन्द्र निधिसँग श्रम संस्कृतिका ३४ वर्षीय सदाम हुसैन, नेकपा (माओवादी) का ३४ वर्षीय रमेन्द्रकुमार कर्ण र आम जनता पार्टीका ३३ वर्षीय प्रदीपविक्रम शाह प्रतिस्पर्धामा छन्। नुवाकोट-१ मा ६६ वर्षीय प्रकाशरणमहत कांग्रेस उम्मेदवार छन् भने नेकपाबाट ६२ वर्षीय हितबहादुर तामाङ, राप्रपाका ६० वर्षीय विमल थापा छन्। उनीहरूलाई नेमकिपाका ३९ वर्षीय रवीन्द्र डंगोल, श्रम संस्कृतिका ३५ वर्षीय दावा फेन्जु लामा र नेकपा (माओवादी) का ३६ वर्षीय महेन्द्र तामाङले चुनौती दिएका छन्।

2. Laxmipur Patari Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Laxmipur Patari Gaa. Paa. Antargat Krishi Sichai ka Lagi Deep Boring Jadan under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 1,30,00,000.00/-
   - Minimum Work experience of similar size and nature: At Least One (1) number of Contract with a value of at Least NRs 1,05,00,000.00/-
3. Bidder must submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Siraha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa(revenue) account is Rs. 5000/- and scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Office: Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Siraha
   Name of Bank: Kumari Bank Ltd., Laxmipur Patari, Siraha
   Office Code no:
   Account no.: 2650248355300008
6. Pre-bid meeting shall be held at Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Siraha at 2026-03-04 2:00 PM
7. Bidders must submit electronic bids only through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2026-03-15. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 (2:00 PM) on 2026-03-15 at the office of Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Siraha. Bids must be valid for a period of 120 Days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 7,50,000.00/-, which shall be valid for 30 days beyond the validity period of the bid
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Office: Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Siraha
   Name of Bank: Kumari Bank Ltd., Laxmipur Patari, Siraha
   Office Code no:
   Account no.: 2650248355300003
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## टेम्केमैयुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**अन्नपूर्ण, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२/१०/२९)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०९/२२ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिका वडा नं. ०४ मा स्वास्थ्य चौकी निर्माण कार्यको विद्युतीय बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०८२/१०/२८ गतेको निर्णय अनुसार तोकीएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको विद्युतिय बोलपत्र मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | 09/BHO/TRM/BLD/082/83 | Construction of Nagi Health Post Building at Temkemaiyung Rural Municipality, Ward No. 04 | जलजले निर्माण सेवा, टेम्केमैयुङ गा.पा., वडा नं ०२ | २८,५०,७७६.३६ |

**प्रमुख प्रशासकीय अधिकृत**

## नौकुण्ड गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**सरमथली, रसुवा**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२/१०/२९)**

यस कार्यालयवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको e-portal www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्बजनिक खरीद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्बजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागी समेत जानकारी गराइएको छ ।

**तपसिल :**

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम Without VAT |
|---|---|---|---|---|
| 1 | Upgrading Of Famchet Gaupalika Larchyangtar Road at Naukunda-3, Rasuwa | NRM/NCB/Works/05/082/83 | J.D. Lamichhane Construction Pvt.Ltd | 11,133,346.91 |
| 2 | Gusyong Muhan Gari Chhap Kosingken Kuwapani at Naukunda -6, Rasuwa | NRM/NCB/Works/04/082/83 | Buddha Rasuwa Nirman Sewa and Suppliers | 2,232,852.42 |

**प्रमुख प्रशासकीय अधिकृत**

## बुलिङटार गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**बुलिङटार नवलपरासी बर्दघाट सुस्ता पूर्व**
**गण्डकी प्रदेश नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/१०/२९)**

यस कार्यालयबाट मिति २०८२/०९/११ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र E-Bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये बोलपत्र मूल्याङ्कन समितिको निर्णयअनुसार तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | बोलपत्र न. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | BUL/NCB/GOODS/MEDICINE/06/2082-83 | Procurement of Medicine for Basic and Emergency Service | Dalima Medisales Pvt. Ltd., New Baneshwor, Kathmandu, Nepal | रु. १०,६१,८५६।३० |

**प्रमुख प्रशासकीय अधिकृत**

बाँकेमा चुनावी सरगर्मी

# पुरानै एजेन्डा दोहोर्‍याउँदै नयाँ अनुहार मैदानमा

■ युवराज पाण्डे

नेपालगन्ज । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँकेका उम्मेदवारले पुरानै एजेन्डा दोहोर्‍याएका छन् । प्रमुख पार्टीबाट निर्वाचनमा होमिएका राजनीतिक दलका उम्मेदवार केहीबाहेक अधिकांश नयाँ अनुहारका छन् । यसपटक जिल्लाको निर्वाचन क्षेत्र नं २ मा नेपाली कांग्रेसका जिल्ला सचिव सुधान्सु कोइराला, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दीपेन्द्र विष्ट नयाँ अनुहारका रूपमा छन् भने नेकपा (एमाले)का तर्फबाट इस्तियाक राई उम्मेदवार छन् । उनी पूर्वमन्त्रीसमेत हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट विवेककुमार श्रेष्ठ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का ऋषिराज देवकोटा पनि नयाँ अनुहारका हुन् । २०७९ सालको निर्वाचनमा राप्रपाका नेता धवलशमशेर राणा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए ।

त्यस्तै बाँकेको निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेस बाँकेका सभापति नारायण गौडेल नयाँ उम्मेदवार छन् भने एमालेका तर्फबाट सूर्य ढकाल पुराना उम्मेदवार हुन् । नेकपाबाट नरेन्द्र पाण्डे (जेम्स) नयाँ अनुहारका रूपमा छन् । जिल्लाको निर्वाचन क्षेत्र नं ३ मा कांग्रेसका तर्फबाट अमरसिंह पुन, एमालेका तर्फबाट सुमन मल्ल, रास्वपाका खगेन्द्र नेपाली नयाँ अनुहार हुन् । प्रमुख राजनीतिक दल कांग्रेस, एमाले, नेकपाले जिल्लामा विगतका निर्वाचनमा नभएका कामलाई प्राथमिकतामा राख्दै दिगो समाधानको खोजी गर्ने बताउँदै आएका छन् । उनीहरूले भनेका छन्, 'आधारभूत रूपमा जनताका आवश्यकता पूरा गर्न सुधारका काम सम्पन्न गरेसँगै त्यसले परिवर्तनलाई आत्मसात् गर्नसक्छ ।'

एमालेका उम्मेदवार राईले विगतका निर्वाचनमा विजयी भएपछि यहाँको विकास गर्नु, पर्यटन प्रवर्द्धन आफ्नो नेतृत्वमा भएको जिकिर गर्दै बाँकी रहेका कामलाई पूर्णता दिन आफू विजयी हुनुपर्ने तर्क गरे । उनले शिक्षामा आधुनिकीकरण गर्दै नेपालगन्जस्थित भेरी अस्पताललाई विशिष्टकृत अस्पतालका रूपमा व्याख्या गरिए पनि कार्यान्वयन हुन नसकेको बताए । राई भने, 'महेन्द्र बहुमुखी क्याम्पसको स्तरोन्नति, पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन, कृषि क्षेत्रमा आमूल परिवर्तन गर्नु अहिलेको आवश्यकता हो ।' त्यसबाहेक उनले औद्योगिक करिडोर निर्माण, क्रिकेट रंगशाला, सुक्खा बन्दरगाहको स्थापना, युवा स्वरोजगारका कार्यक्रमलाई पूर्णता दिनुपर्नेलगायत काम बाँकी रहेका उल्लेख गरे । उम्मेदवार राईले राप्तीनदी किनारमा भएको बस्ती जोगाउन र जमिनको कटान रोक्न तटबन्ध निर्माण गर्नुपर्ने बताए ।

नेकपाका उम्मेदवार विष्टले नेपालगन्जको ढल निकास र पूर्वाधारको विकासमा जोड दिँदै मदरसा शिक्षालाई आधुनिकीकरण गर्न आवश्यक रहेको बताए । उनले औद्योगिक क्षेत्रको विकासका लागि 'औद्योगिक ग्राम' स्थापना हुनुपर्ने उल्लेख गर्दै नेपालगन्जलाई आइटी र नवप्रर्वतनको हबका रूपमा विकास गर्ने प्रतिबद्धता जनाए । 'यस क्षेत्रमा लागुऔषध दुर्व्यसनको ठुलो समस्या छ, यसलाई नियन्त्रण गर्न विशेष संयन्त्र निर्माणमा जोड दिनुपर्छ,' विष्टले भने । जेनजी आन्दोलनको मर्म भ्रष्टाचारमुक्त समाज र सुशासन भएकामा जोड दिँदै उनले डुडुवामा राप्ती नदीले गरेको कटान रोकेर दिगो समाधान खोज्न पहल गरिने बताए । निर्वाचन क्षेत्र नं २ का कांग्रेसका उम्मेदवार कोइरालाले जनताले सुशासनसहित समृद्ध समाजको अपेक्षा गरेका उल्लेख गर्दै निर्वाचित भएर गएपछि जनताको मर्मअनुसार भ्रष्टाचारमुक्त समाज निर्माणमा पहल गर्ने प्रतिबद्धता जनाए ।

'हामीले जिताएका जनप्रतिनिधि निर्वाचित भएपछि गाउँ छिरेनन्' भन्ने जनगुनासो रहेकाले आफू जनताको नजिक रहेर काम गर्ने उनले विश्वास दिलाए । उम्मेदवार कोइरालाले जेनजी आन्दोलनपछि पार्टीले नीति र नेतृत्व परिवर्तन गरेको जानकारी दिँदै निष्ठाको राजनीतिलाई स्थापित गर्ने प्रयत्न गर्ने बताए । निर्वाचन क्षेत्र नं २ मा मलखादको समस्या रहेकामा विज्ञ टोली गठन गरेर समाधान गरिने, कृषिमा रूपान्तरण आवश्यक भएकाले नीतिगत परिवर्तन गर्ने उनले उल्लेख गरे । उनले भौतिक पूर्वाधारको विकाससँगै भेरी अस्पतालमा विपन्न समुदायको पहुँच स्थापित गर्ने, महेन्द्र बहुमुखी क्याम्पसलाई स्तरोन्नति गर्नेलगायत योजना अघि सारेका छन् । निर्वाचन क्षेत्र नं १ का उम्मेदवार ढकालले राप्ती नदीका कतिपय क्षेत्रमा पुल नहुँदा एम्बुलेन्स र दमकल पनि जान सक्ने अवस्था नरहेकाले त्यसलाई प्राथमिकतामा राखिएको बताए । उनले कोहलपुर चप्परगौंडी हुँदै घुइँयाबारी जोड्ने बाटोसहित पर्यटकीय मार्गको विकास गर्न आवश्यक रहेको उल्लेख गर्दै नरैनापुर क्षेत्रमा शिक्षा, खानेपानी र पूर्वाधार विकासमा जोड दिनुपर्ने उल्लेख गरे ।

कोहलपुरमा सुविधासम्पन्न बाल अस्पताल, क्रिकेट मैदानको निर्माणसँगै राष्ट्रिय योजनाका रूपमा रहेको सिक्टा सिँचाइ योजनालाई पूरा गर्न आवश्यक भएको ढकालको भनाइ छ । ३ निर्वाचन क्षेत्र रहेको बाँकेको क्षेत्र नं १ मा १ लाख २४ हजार ७२७, क्षेत्र नं २ मा १ लाख ८ हजार २९० र क्षेत्र नं ३ मा १ लाख १७ हजार ३५४ मतदाता छन् । जिल्लाको निर्वाचन क्षेत्र नं १ मा १४, निर्वाचन क्षेत्र नं २ मा २० र निर्वाचन क्षेत्र नं ३ मा २२ जना गरी कुल ५६ जना चुनावी मैदानमा छन् ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/१०/२९

यस कम्पनीको मिति २०८२।१०।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सुर्खेत कम्प्युटर इष्टिच्युट तथा कोचिङ सेन्टर प्रा.लि. (दर्ता नं. १६१९१३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।२३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **नेक्सल एकेडेमी सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

### फास्ट ट्र्याकमा टुचन मेसिन खस्दा १ जनाको मृत्यु

हेटौँडा । मकवानपुरको भीमफेदी गाउँपालिका–८ महादेवटार छोक्रेडाँडामा निर्माणाधीन काठमाडौँ–तराई मधेस द्रुतमार्गमा टुचन मेसिन तल खस्दा फास्ट ट्र्याकमा काम गर्ने १ मजदुरको मृत्यु भएको छ भने १ जना घाइते भएका छन् । फास्ट ट्र्याकको १ नम्बर पुलको खाडल खनेर खाल्डोबाट टुचनमा बसेर बाहिर आउने क्रममा एक्कासि उक्त मेसिनको ब्रेकफेल भई करिब २१ मिटर तल खस्दा टुचन मेसिनमा बसेका सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका–५ निवासी २९ वर्षीय अर्जुन थिङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

सोही मेसिन खस्दा खाडलभित्र काम गरिरहेका सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका–६ घर भएका ३७ वर्षीय जुल्फे तामाङ घाइते भएका र उपचारका लागि काठमाडौँतर्फ पठाइएको प्रहरी नायब उपरीक्षक बोगटीले बताए ।

### मेइसयु कम्पनी प्रा.लि. स्वेच्छामा खारेज गर्ने वारेको लिक्वीडेटरको सूचना

**मेइसयु कम्पनी प्रा.लि. (प्रा.लि.नं. ५५२३०)** को २०८२ साल पौष १८ गते वसेको वार्षिक साधारण सभावाट कम्पनी ऐन २०६३ को दफा १२६(१) को व्यवस्था अनुसार यस कम्पनीलाई स्वेच्छाले खारेज गर्ने निर्णय गरेको र दामासाही सम्वन्धी ऐन २०६३ वाट ईजाजत प्राप्त भेषराज न्यौपाने, अधिवक्ता (ईजाजत नं.२५२) लाई लिक्वीडेटर नियुक्ति गर्ने निर्णय गरेको व्यहोरा सम्वन्धित सवैको जानकारीकोलागि यसै सुचनाद्धारा सूचित गरिन्छ । स्वेच्छाले कम्पनीलाई खारेज गर्ने गरी भएको निर्णय अनुरुप यस कम्पनी उपर कुनै व्यक्ति, संस्थाको कुनै दावी, लेनदेन, तिर्नु व्यहोर्नु पर्ने रकम वाँकी भएमा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो दावी तथा सो दावी प्रमाणीत गर्ने प्रमाण, कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नुहुन सुचित गरिन्छ । सो अवधि भित्र कुनै दावी पर्न नआएमा वा उक्त अवधि पश्चात कुनै दावी पर्न आएमा सो माथी कुनै कारवाही नहुने व्यहोरा पनि यसै सूचनाद्धारा सुचित गरिन्छ ।

**लिक्वीडेटरः भेषराज न्यौपाने, ईजाजत प्र.प.नं.२५२**
**स्थानः न्याय आवाज ल एशोसियटस, अनामनगर, काठमाण्डौ ।**
**मोवाईल नं.९८४१२८१३४१, ईमेल brneupane1@gmail.com**

**Malaysia मा रोजगार** Pwf Farms Sdn. Bhd.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/१३ चलानी नं. ६०२३८५७४ LT No.: 324571

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 44 | 0 | [illegible] | 1700 | ६२,७२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ फागुन ७ गते (19 Feb., 2026) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ ।

WIN RECRUITMENT PVT. LTD. Gov. Lic. No. 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267

### प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना ।

(प्रकाशन मिति २०८२/१०/२९)

धादिङ जिल्लाको थाके गाउँपालिका वडा नं ७ मा शीत गृह प्रा. लि., थाके गाउँपालिका वडा नं ७, धादिङ द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शीत गृह प्रा लि, थाके गाउँपालिका वडा नं ७, धादिङ । |
| प्रस्तावको व्यहोरा | थाके गाउँपालिका वडा नं ७ मा शीत गृह संचालन, व्यवस्थापन तथा निर्माण गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने क्षेत्र | थाके गाउँपालिका वडा नं ७, धादिङ । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यकम हुने भएकोले सरोकारवाला सवैमा उपस्थितिका लागी अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

| | |
|---|---|
| मिति : २०८२/११/०८<br>**समय : बिहान १० बजे**<br>स्थान : थाके गाउँपालिका वडा नं ७, आठ किला । | **प्रस्तावक**<br>शीत गृह प्रा. लि., थाके गाउँपालिका वडा नं ७, धादिङ ।<br>फोन नं : ९८४१८२६२०४ |

# क्यानडाको विद्यालयमा गोली चल्दा ९ जनाको मृत्यु



■ एजेन्सी

टोरन्टो । पश्चिमी क्यानडाको दुर्गम क्षेत्रमा अवस्थित एक विद्यालयमा मंगलबार भएको सामूहिक गोलीकाण्डमा कम्तीमा ९ जनाको मृत्यु भएको छ । घटनामा माध्यमिक विद्यालयका ७ जना मारिएका छन् । घटना रकी पर्वतमालाको फेदीमा अवस्थित सुरम्य पहाडी उपत्यका सहर ब्रिटिस कोलम्बियाको टम्बलर रिजमा भएको हो ।

रोयल क्यानेडियन माउन्टेड पुलिस (आरसिएमपी) ले जारी गरेको विज्ञप्तिअनुसार कुल २७ जना घाइते भएका छन् । तीमध्ये २ जनाको अवस्था गम्भीर छ भने अन्य २५ जनालाई विभिन्न किसिमको चोटपटक लागेको छ ।

क्यानडेली सञ्चारमाध्यमहरूले बन्दुकधारी महिला भएको जनाएका छन् । तर आरसिएमपीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा संदिग्धको पहिचानबारे विस्तृत विवरण दिन अस्वीकार गरेको छ ।

प्रहरीका अनुसार मंगलबार दिउँसो टम्बलर रिज माध्यमिक विद्यालयमा सक्रिय बन्दुकधारी रहेको चेतावनी जारी गरिएको थियो । सुरक्षाकर्मीहरूले विद्यालय परिसरको खोजी गर्दा ६ जनालाई गोली हानेर हत्या गरिएको अवस्थामा फेला पारेका थिए । अर्को १ जना घाइतेको अस्पताल लैजाँदै गर्दा मृत्यु भएको थियो ।

यसैबीच प्रहरीले टम्बलर रिजस्थित एक निवासबाट थप २ जनाको शव फेला पारेको जनाएको छ । उक्त घर घटनासँग जोडिएको विश्वास गरिएको प्रहरीले उल्लेख गरेको छ । विद्यालय परिसरभित्र गोली चलाउने व्यक्तिको रूपमा आशंका गरिएको व्यक्ति पनि मृत अवस्थामा फेला परेको र प्रारम्भिक रूपमा आत्महत्या जस्तो देखिएको प्रहरीले जनाएको छ ।

टम्बलर रिज नगरपालिकाले जारी गरेको वक्तव्यमा समुदायले भोगिरहेको पीडालाई शब्दमा व्यक्त गर्न नसकिने उल्लेख गरिएको छ ।

घटनाका बेला विद्यालयमा रहेका विद्यार्थी डेरियन क्विस्टले सार्वजनिक प्रसारक सिबिसीलाई आफू मेकानिक्स कक्षामा रहेका बेला विद्यालय सुरक्षात्मक बन्द अवस्थाको घोषणा भएको बताएका छन् । सुरुमा आफूले सामान्य सावधानी ठाने पनि केही समयपछि विद्यालयभित्रको घटनाका तस्बिरहरू प्राप्त हुन थालेपछि स्थिति गम्भीर रहेको महसुस भएको उनले उल्लेख गरे । पछि वास्तविकता स्पष्ट भएको उनले बताए ।

करिब २ घण्टाभन्दा बढी समय सुरक्षात्मक बन्द अवस्थामा बस्नुपरेको र त्यसपछि प्रहरी विद्यालयभित्र प्रवेश गरी सबैलाई हात माथि उठाएर बाहिर निस्कन निर्देशन दिएको उनले जानकारी दिए ।

डेरियनकी आमा शेली क्विस्टले पनि सिबिसीसँग कुरा गर्दै स्थल सुरक्षित घोषणा भएपछि छोरोसँग भेट हुँदा अँगालो हालेको बताइन् । अब केही समय उनलाई आफ्नो नजरबाट टाढा जान नदिने उनले उल्लेख गरिन् ।

प्रधानमन्त्री मार्क कार्नीले घटनाप्रति आफू स्तब्ध भएको बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले हिंसाका यस्ता भयानक कार्यमा आफ्ना प्रियजन गुमाउने परिवार र साथीहरूप्रति गहिरो समवेदना व्यक्त गरेका छन् ।

ब्रिटिस कोलम्बियाका प्रिमियर डेभिड इबीले पनि घटनालाई अकल्पनीय हिंसा भन्दै निन्दा गरेका छन् । संघीय विपक्षी नेता पियरे पोइलिभ्रेले यसलाई हिंसाको मूर्खतापूर्ण कार्यको संज्ञा दिएका छन् ।

क्यानडामा यस्ता सामूहिक गोलीकाण्ड विरलै हुने गर्दछन् । तर गत अप्रिलमा भ्यानकुभरमा फिलिपिन्सको सांस्कृतिक उत्सवलाई लक्षित गरी गरिएको गाडी आक्रमणमा ११ जनाको मृत्यु भएको थियो ।

आरसिएमपीका उत्तरी जिल्ला कमान्डर केन फ्लोइडले घटनालाई द्रुत रूपमा विकसित भएको र अत्यन्त जटिल रहेको बताएका छन् । उनले यो दिन समुदायका लागि अत्यन्त गाह्रो र भावनात्मक रहेको उल्लेख गर्दै अनुसन्धान अघि बढाउन देखाएको सहयोगप्रति आभार व्यक्त गरे ।

प्रहरीले घटनासँग सम्बन्धित थप स्थानहरू हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै समुदायका अन्य घर तथा सम्पत्तिको पनि खोजी गरिरहेको जनाएको छ ।

करिब २ हजार ४०० जनसंख्या रहेको शान्त सहर टम्बलर रिज, ब्रिटिस कोलम्बियाको सबैभन्दा ठुलो सहर भ्यानकुभरबाट १ हजार १०० किलोमिटरभन्दा बढी उत्तरमा अवस्थित छ । नगरपालिकाले ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यस त्रासदीले परिवार, विद्यार्थी, कर्मचारी र सम्पूर्ण समुदायमा गहिरो प्रभाव पारेको उल्लेख गरेको छ । समुदाय अहिले शोक र स्तब्धताको अवस्थामा रहेको जनाइएको छ ।

# नयाँ वर्षले चीनमा यात्राको रेकर्ड तोड्ने संकेत

■ एजेन्सी

बेइजिङ । चन्द्र नयाँ वर्ष नजिकिँदै जाँदा चीनभर नववर्षे यात्रुको भिड सुरु भएको छ, जसलाई संसारकै सबैभन्दा ठुलो मानव आवागमन मानिन्छ । सरकारले ४० दिनको यात्राअवधिमा करिब ९ अर्ब ५० करोड यात्राहरू हुने अनुमान गरेको छ । यो हालसम्मकै उच्च संख्या हो ।

सिचुआन प्रान्तको राजधानी चेङ्दु घर भएका लिउ झिक्वान बेइजिङबाट करिब २ हजार किलोमिटर टाढा निर्माण क्षेत्रमा काम गर्छन् । उनी घर फर्किन ३० घण्टाभन्दा लामो रेल यात्रा गर्न तयारीमा छन् । उच्च गतिको रेलले ९ घण्टामै पुगिए पनि खर्च दोब्बरभन्दा बढी लाग्ने भएकाले उनले सस्तो तर ढिलो रेल रोजेका हुन् । अर्थतन्त्र कमजोर हुँदा कमाइ कठिन भएको उनको भनाइ छ । चीनमा 'चुन्युन' नामले चिनिने यो यात्रा अवधिमा करोडौँ कामदारहरू आफ्ना परिवारसँग चाड मनाउन गृहनगर फर्किन्छन् । सरकारी तथ्यांकअनुसार करिब ५४ करोड रेलमार्फत् र ९५ करोड हवाई यात्राहरू हुने अपेक्षा गरिएको छ । बाँकी यात्राहरू सडकमार्फत् गरिनेछन् ।

लामो कार्यसमय र सीमित वार्षिक बिदाका बीच चन्द्र नयाँ वर्ष धेरैका लागि अमूल्य अवसर हो । बेइजिङका रेल स्टेसनहरूमा यात्रुहरू ठुला झोला र सुटकेससहित रेलको प्रतीक्षामा देखिएका छन् । कतिपय यात्रुहरूले स्टेसनमा उपलब्ध निःशुल्क तातो पानी प्रयोग गरेर 'इन्स्ट्यान्ट नुडल्स' खाएर समय बिताइरहेका छन् ।

बेइजिङमा हालै पूर्णकालिक काम सुरु गरेकी टियान डुओफूले १५ फेब्रुअरीदेखि सुरु हुने ९ दिने बिदाको प्रतीक्षा गरिरहेको बताइन् । काम सुरु गरेपछि लामो बिदा दुर्लभ भएको र परिवारसँग भेटघाट कम हुँदै गएको महसुस भएको उनको भनाइ छ । उनका अनुसार वसन्त महोत्सव परिवारसँग पुनर्मिलनको महत्त्वपूर्ण समय हो ।

हेनान प्रान्त घर भई बेइजिङमा बिहानको खाजा स्टल सञ्चालन गर्दै आएकी टियान युन्सियाले पनि नयाँ वर्ष परिवारसँगै मनाउन घर जान चाहेको बताइन् । उनका अनुसार घर फर्कन नसके चाडपर्वको वास्तविक अनुभूति गर्न नसकिने हुन्छ ।


## सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/२९**

सूचना तथा प्रसारण विभागमा दर्ता नं.२०००/०७७-०७८ मिति २०७७/०४/२२ मा दर्ता रहेको डायमण्ड टच मिडिया प्रा. लि. द्वारा सञ्चालित www.nepaltravelkhabar.com नामक अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज गरिने हुँदा यस सञ्चारमाध्यमसँग सम्बन्धित कुनै श्रमजिवि पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२-१०-२६ (१५ दिन) भित्र यस संस्थाको ठेगाना ललितपुर-२५, ललितपुर, सञ्चालकको मोवाइल नम्बर ९८५१०१३०४५/९८५१२१६०४५ वा इमेल dulaljagannath@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

**डायमण्ड टच मिडिया प्रा. लि.**
ललितपुर-२५, ललितपुर

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/१०/२९

यस कम्पनीको मिति २०८२।१०।११ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **मध्यपुर इनोभेटीभ इन्भेष्टमेन्ट प्रा.लि. (दर्ता नं. १७१३३२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **भिन्टेज क्यापिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## होटल माहामाया काउन लिमिटेडको
## विशेष साधारणसभाको सूचना

**प्रकाशित मिति : २०८२।१०।२९**

"होटल माहामाया काउन लिडिटेड"को मिति २०८२।१०।२३ गतेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय स्थानमा देहायका विषयहरु उपर छलफल गर्ने भएकोले उक्त मिति, समय र स्थानमा उपस्थित भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।

**मिति** : २०८२ साल फाल्गुण १४ गते बिहीबार
**समय** : दिनको ११.०० वजे
**स्थान** : भरतपुर म.न.पा. वडा १३ गितानगर
**छलफलका विषयहरु** : –
**क) विशेष प्रस्ताब**:
१) संचालक समितिको गठन तथा हेरफेर गर्ने ।
२) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१।०८२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने वारे ।
३) कम्पनी सचिव नियुक्त गर्ने ।
३) स्वतन्त्र संचालक नियुक्त गर्ने ।
**ख) सामान्य प्रस्ताब**:
१) कम्पनीको बैंक खाता संचालन सम्वन्धमा ।
**ग) विविध**

आज्ञाले
रामचन्द्र पन्त
संचालक

## Gramthan Rural Municipality
### Office of Rural Municipal Executive
### Tetariya, Morang
### Koshi Province, Nepal

## Invitation for Bids

**Date of publication:2082/10/29**

1. *GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders for the construction of *work as stated in table below*.

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/SQ/WORKS/ 12-082-083 | GramdevSchooldekhi Uttar Dangtol Jane BatoKalopatre(2nd Part) | 565053.31 | 1000 | 13000 | S.Q |
| 2 | G.R/NCB/WORKS/ 13-082-083 | Gaunpalika Namuna Yojana Lakhantari Simariya Gidhaniya Sadak (Package2) + Wada Sadasya Chanar Devi Mushar Tolmaa Pitch | 3767286.62 | 3000 | 100000 | N.C.B |

**प्रमुख प्रशासकीय अधिकृत**

## Kispang Rural Municipality
### Office of Rural Municipal Executive
### Kahule, Nuwakot
### Bagmati Province , Nepal

## Invitation For Bids

### (Electronic Bid Only)

**Date of Publication: 12th Feb 2026**

1. Kispang Rural Municipality, invites bids from **national** eligible bidders for **Item rate contract** of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free (NRs) | Estimated Amount Including Vat and PS(NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (day From the date of bid opening) | Last date of submission/Bid opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| KRM/NCB/ WORKS/ROAD/ 06/2082/083 | Road upgrading through gogane ghumti of ward no 2 Kispang Rural Municipality Nuwakot District connecting to taji | 3000 | 24,24,275.37/- | 60,000/- | 120 days | 13th, Mar 2026 12:00PM/13th Mar 2026 12:10PM at KRM Office | |

2. Tender procedures shall follow public procurement Act and public procurement Rules.
3. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
4. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
5. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of kispang RM.
6. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय

पहलमानपुर, कैलाली

## बोलपत्र पत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/१०/२९**

यस कार्यालयबाट मिति २०८२.०९.२१ सौर्य दैनिकमा प्रकाशित सूचना बमोजिम E-Bids बाट पेश हुन आएका बोलपत्र मध्ये देहायका बोलपत्र न्यूनतम मूल्याङ्गकित सारभारभूरुपमा प्रभावगाहि भई स्विकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) बमोजिम स्विकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपशील**

| सि.नं. | बोलपत्र नं. कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित |
|---|---|---|---|
| १ | Construction Of Sub Division Forest office Building Construction Bardagoriya, Kailali DFO/W/2082/083-01Bardagoriya | H. K. CONSTRUCTION Achham | 29,37,770.23 |
| २ | Construction Of Sub Division Forest office Building Construction with Detention Room DFO/W/2082/083-02Ghodaghodi | Nandamata Construction And Services Pvt.Ltd Godaghodi-01, Kailali | 30,81,602.25 |

**बरिष्ठ डिभिजनल वन अधिकृत**

## Urlabari Municipality
### Office of Municipal Executive
### Urlabari, Morang
### Koshi Province, Nepal

## Invitation of Electronic Bids

**Second Date of Publication: 2082/10/29 (12th of February 2026)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under sealed quotations procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-CCTV-01-SQ-2082/083 | "Procurement of CCTV System for Urlabari Municipality." | 17,94,113.00 /- | 47,600.00/- | 1,000.00/ |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# भारतसँग खेल्ने पाकिस्तानी निर्णयको पूर्वक्रिकेटरहरूद्वारा स्वागत



■ सौर्य समाचार

काठमाडौँ । पाकिस्तानले भारतविरुद्ध नखेल्ने निर्णय फिर्ता लिँदा अन्तर्राष्ट्रिय क्रिकेटमा ठुलो चर्चा उत्पन्न भएको छ । यसअघि पाकिस्तानले फेब्रुअरी १५ मा भारतसँगको टी-२० विश्वकप खेल बहिष्कार गर्ने घोषणा गरेको थियो । यो निर्णय सुरक्षा र कूटनीतिक कारणले गरिएको थियो र बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)ले पाकिस्तानी टोलीलाई बहिष्कार नगर्न अनुरोध गरेको थियो । यसपछि पाकिस्तान सरकारले आफ्नो निर्णय फिर्ता लिँदै मित्र ाष्ट्रहरूको अनुरोधलाई स्वीकार गरेको छ ।

पाकिस्तानका पूर्वक्रिकेटर शाहिद अफ्रिदीले आफ्नो इन्स्टाग्राममा लेखेका छन्, 'क्रिकेटको भावनाले विजय हासिल गरेको छ । सहभागी भएर पाकिस्तानी सरकारले टी-२० विश्वकपको गरिमालाई जोगाएको छ । क्रिकेटले ठुला भिन्नताहरू कम गर्ने महत्त्वपूर्ण भूमिका खेल्छ ।' उनको टिप्पणीले खेलले मात्र राजनीतिक वा कूटनीतिक मतभेद भन्दा माथि उठ्ने सन्देश दिएको छ ।

यस्तै अर्का पूर्वक्रिकेटर मोहम्मद युसुफले पनि फिर्ता लिएको निर्णयको प्रशंसा गरेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, ' आइसिसीको पाकिस्तान भ्रमण र बंगलादेशले उठाएका चिन्ताहरूलाई बुझेर स्वीकार गर्नु साँचो नेतृत्वको प्रदर्शन हो । प्रत्यक्ष सञ्चार र संवादले टी-२० विश्वकप प्रक्रियामा विश्वास बलियो बनाएको छ र निष्पक्षताको भावना कायम गरेको छ ।' युसुफको यो भनाइले आइसिसी र सदस्य राष्ट्रहरूबीचको सहकार्यलाई उच्च मूल्य दिएको देखाएको सरोकारवालाहरूको भनाइ छ ।

केही पूर्वक्रिकेटरहरूले यस निर्णयलाई ' पाकिस्तानको जित' पनि भनेका छन् । रशिद लतिफले जियो न्युजको कार्यक्रममा भनेका छन्, 'श्रीलंकाका राष्ट्रपतिले पाकिस्तानलाई धन्यवाद दिएका छन् । यसले देखाउँछ कि यो मुद्दा खेलभन्दा बाहिर गइसकेको थियो । पाकिस्तानले आफ्नो निर्णय बंगलादेश र अन्य सहयोगी क्रिकेट राष्ट्रहरूको हितमा लिएको हो । यसले अन्तर्राष्ट्रिय क्रिकेटमा पाकिस्तानको महत्त्वलाई बलियो बनाउँछ ।'

पूर्वक्रिकेटर अहमद शहजादले भनेका छन्, 'हामीले एकदमै परिपक्व निर्णय गर्यौं । बंगलादेशले भोगेको क्षतिको क्षतिपूर्ति पाउनु पर्थ्यो । हामीले राजस्वका लागि होइन, मित्रराष्ट्रहरूको हितका लागि खेल्ने निर्णय लियौँ । अब यस विषयमा राजनीति हुनु हुँदैन ।' सिकन्दर बख्तले पनि यस निर्णयको समर्थन गर्दै भनेका छन्, 'यदि भारतसँग हाम्रो समस्या धेरै भएको भए उनीहरूले खेल्ने थिएनन् । तर भारतले खेल्न स्वीकार गरेको छ । हामीले मित्रराष्ट्रहरूको हितका लागि यो निर्णय लियौँ । क्रिकेटको दृष्टिले यो उत्कृष्ट निर्णय हो ।'

भारत क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई)का उपाध्यक्ष राजीव शुक्लाले पनि फिर्ता गरिएको निर्णयको स्वागत गरेका छन् । उनले भनेका छन्, आइसिसी प्रतिनिधिहरूको पहलले वार्ता अघि बढायो । पाकिस्तानलाई वार्ताको टेबलमा ल्याएकोमा आइसिसीलाई धन्यवाद दिन चाहन्छु । यसले बंगलादेशको भावनालाई पनि सम्मान गरेको छ र बोर्डलाई केही राहत मिलेको छ ।'

भारका पूर्वक्रिकेटर अतुल वासनले भने पाकिस्तानको आलोचना गरेका छन् । उनी भन्छन्, 'यो एक प्रकारको नाटक हो । कहिलेकाहीँ अस्वीकार गर्छन्, कहिलेकाहीँ सहमत हुन्छन् । अब बंगलादेशले अनुरोध गरेपछि सहमत भएका छन् । आइसिसी र भारतको पहलले यसलाई सम्भव बनायो । यसले भारतको प्रभुत्व र क्रिकेटको महत्त्व देखाउँछ ।' पाकिस्तानले आफ्नो निर्णय फिर्ता लिएपछि श्रीलंका राष्ट्रपतिले पनि धन्यवाद व्यक्त गरेका छन् । यसका साथ भारत-पाकिस्तान खेल फेब्रुअरी १५ मा कोलम्बोमा आयोजना हुनेछ । यो खेल विश्वकपमा उच्च उत्साह र प्रतिस्पर्धा ल्याउने अपेक्षा गरिएको छ ।

पूर्वक्रिकेटरहरूको प्रतिक्रियाले स्पष्ट देखाउँछ कि यो निर्णय केवल खेलको लागि मात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्ध र क्रिकेटको गरिमा जोगाउने कदम पनि हो । शाहिद अफ्रिदी, मोहम्मद युसुफ, र अन्य पूर्वखेलाडीहरूले यसलाई सकारात्मक दृष्टिकोणले हेरिरहेका छन् । उनीहरूको मत अनुसार, क्रिकेटले मात्र राजनीतिक मतभेद र सुरक्षा चिन्तालाई पार गर्न सक्ने शक्ति राख्छ ।

विशेष रूपमा, पाकिस्तानले बहिष्कारको निर्णय फिर्ता लिएपछि टी-२० विश्वकपको शृंखलामा खेलाडी र फ्यानहरूबीच उत्साह थपिएको छ । पाकिस्तान-भारत खेल विश्वकपको एक प्रमुख आकर्षण हुने निश्चित छ, जसले दुवै टोलीको प्रदर्शन र दर्शकको सहभागिता दुवैलाई प्रभावित गर्नेछ । यसरी पाकिस्तानले आफ्नो निर्णय परिवर्तन गरी मित्र राष्ट्र र आईसीसीको आग्रहलाई स्वीकार गरेको छ, जसले विश्व क्रिकेटमा सकारात्मक सन्देश पठाएको सरोकारवालाहरूको भनाइ छ । फेब्रुअरी १५ को भारत-पाकिस्तान खेल अब विश्वकपको अत्यन्तै प्रतीक्षित म्याच बन्ने निश्चित रहेको उनीहरू बताउँछन् । (**बिबिसीको सहयोगमा**)

# दुवै घरेलु टोली स्पष्ट जितको खोजीमा

टी-२० विश्वकपअन्तर्गत आज (बिहीबार) पनि ३ महत्वपूर्ण खेल हुँदैछन् । जसमा २ घरेलु टोली भारत र पाकिस्तान स्पष्ट जितको खोजीमा हुनेछन् । आज भारतले नामिबिया र श्रीलंकाले ओमानलाई हराएमा सुपर-८ सम्भावना बलियो हुनेछ । भारत र नामिबियाबीचको खेल दिल्लीको अरुण जेटली स्टेडियममा नेपाली समयअनुसार साँझ ७:१५ बजेदेखि सुरु हुनेछ । यूर्यकुमार यादवको नेतृत्वमा रहेको भारतले यस विश्वकपमा आफ्नो दोस्रो खेल खेल्न लागेको । यसअघि पहिलो खेलमा उनीहरूले अमेरिकाविरुद्ध जित हासिल गरेका थिए । यता, नामिबिया भारतलाई जितर सरप्राइज नतिजा निकाल्न चाहन्छ । खेलको पूर्वसन्ध्यामा नामिबियाका अलराउन्डर जान निकोल लफ्टी-इटनले भनेका छन्, 'दबाब भारतमाथि छ र हाम्रो टोलीमा निरपेक्ष स्वतन्त्रता र साहसी खेल देखाउने अवसर छ, जसले उनीहरूलाई केही आश्चर्यजनक नतिजा ल्याउन मद्दत गर्न सक्छ ।'



भारतका कप्तान यादवले विगतमा आफ्नो टोलीले राम्रो खेल्दै आएको र नामिबियाविरुद्ध पनि त्यसैलाई निरन्तरता दिने बताए । 'हाम्रो टिले राम्रो क्रिकेट खेल्दै आएको र नामिबियाविरुद्ध पनि त्यसैलाई निरन्तरता दिन चाहन्छौं । हामी स्पष्ट जितको खोजीमा हुनेछौं ।' यस्तै, बिहीबार बिहान ११:१५ बजे बालगोल्लामा घरेलु टोली श्रीलंका र ओमान आमनेसामने हुँदैछन् । दासुन शनकाको कप्तानीमा रहेको श्रीलंका घरेलु परिस्थितिमा बलियो प्रदर्शन गर्दै सुपर-८ तिर अघि बढ्न चाहन्छ । तर श्रीलंकालाई खेलाडीको चोटले पिरोलेको छ । स्टार स्पिनर वानिन्दु हसरंगी घाइते भएर आउट भएको खबरले टोलीमा ठुलो प्रभाव पारेको छ, जसले टोलीको बलिङ पक्षमा ठुलो अन्तर ल्याएको विश्लेषकहरूको भनाइ छ । उनको स्थानमा दुषण हेमनथा टिममा समावेश भएका छन् ।

ओमनका कप्तान जातिन्दर सिंहले टी-२० विश्वकपअघि भनेका थिए कि उनको टोलीमा अनुभव र युवा खेलाडीको राम्रो मिश्रण छ र उनीहरूले सकारात्मक नतिजा ल्याउन सक्ने विश्वास राख्छन् । उनले विशेषगरी स्पिन-अनुकूल परिस्थितिले ओमनलाई सहयोग पुऱ्याउन सक्ने बताएका थिए । यसथै, ओमान पनि आज श्रीलंकाविरुद्ध सरप्राइज जित निकाल्ने ध्याउन्नमा हुनेछ । यद्यपि, विश्लेषणका नजरमा श्रीलंकाले घरेलु समर्थन र अनुभवी खेलाडीहरूको कारण खेलमा पकड जमाउने अपेक्षा राखिएको छ । श्रीलंकाले यसअघि आफ्नो उद्घाटन खेलमा आयरल्यान्डविरुद्ध २० रनको जित हासिल गरेको थियो । जसमा श्रीलंकाका स्पिनरहरूले उच्चे प्रदर्शन गरेका थिए । आज सोही प्रदर्शन दोहोऱ्याउँदै श्रीलंका सुपर-८ सम्भावना मजबुत बनाउन चाहन्छ । प्रतियोगिताअन्तर्गत आजको दोस्रो खेल नेपाल र इटालीबीच हुँदैछ । यो खेल दिउँसो ३:१५ बजे मुम्बईस्थित वानखेडे रंगशालामा हुनेछ ।

# Tikapur Municipality

## Office of The Municipal Executive

Tikapur, Kailali
Sudurpashchim Province, Nepal

**Invitation for Bid**

**First Date of Publication: -12th Feb 2026(29th Magh 2082)**

1. Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/NCB/61/ BUILD/2082/083 | Construction of Houses (For Mukta Kamayai, Janajati & Dalit Basti), Tikapur Municipality Ward No-05, Kailali | 58,61,832.54 | 1,70,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali Or Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.
3. Interested bidders should submit only E-bid till 15th Mar 2026(1st Chaitra 2082) before 12:00 hrs through PPMO e-GP System www.bolpatra.gov.np/ egp. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification **Number Clearly):- Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
**Office Account No.: - 10703000001001000001**
**Revenue Heading No: - 14229**
5. Information to deposit the Bid Security Amount in Bank: -
**Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali.**
**Office Account No.: - 10703000003000000001**

Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).

6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali at 13:00 hrs. on 1st Mar 2026(17th Falgun 2082).
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs. on 15th Mar 2026(1st Chaitra 2082) at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
10. The Employer reserves the right to accept or reject, wholly or partly, any or all bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# अफगानिस्तानविरुद्ध दक्षिण अफ्रिका दोस्रो सुपर ओभरमा विजयी

## वेस्ट इन्डिजको लगातार दोस्रो जित, इंग्ल्यान्डको पहिलो पराजय

टी-२० विश्वकपमा दक्षिण अफ्रिकाले अफगानिस्तानविरुद्ध रोमाञ्चक दोस्रो सुपर ओभरमा जित हासिल गरेको छ । बुधबार भारतको अहमदाबादमा भएको खेलमा अफगानिस्तानले पहिलो सुपर ओभरमा १७ रन बनाएको थियो र ननब्याटिङमा रहेका फरोकीले दक्षिण अफ्रिकालाई ११ रनमा रोक्ने स्थिति बनाएका थिए । तर अन्तिम बलमा ट्रिस्टन स्टब्सको छक्काले स्कोर बराबरी गरायो र खेल दोस्रो सुपर ओभरमा पुगेको थियो । दक्षिण अफ्रिकाले दोस्रो सुपर ओभरमा पहिले ब्याटिङ गर्दै डेभिड मिलर र स्टब्सको संयुक्त प्रयासबाट २३ रन बनायो । केभव महाराजले सुरुमै विकेट र २ डट बल दिएकोले अफगानिस्तानलाई २४ रन आवश्यक भयो ।

अफगानिस्तानका हिटर ओपनर रहमानुल्लाह गुरबाज मैदानमा आए । उनले लगातार ३ छक्का हिर्काएर आवश्यक रनलाई ६ मा झारे । महाराजको एउटा वाइड फालेपछि आवश्यक रन ५ मात्रै थियो । तर अर्को बलमा गुरबाजलाई ब्याकवर्ड पोइन्टमा क्याच गराइयो र खेल समाप्त भयो । खेलमा ल्युंगी निगिदीले ३ विकेट लिएर २६ खर्च गरेका थिए । पहिलो सुपर ओभरको बलिङ गरेका उनी प्लेयर अफ दी म्याच घोषित भए । उनले भने, 'मैले आज धेरै तौल घटाएँ । जीवनमा कहिल्यै यति तनाव महसुस गरेको थिइनँ । हाम्रा हिटरहरूले उत्कृष्ट प्रदर्शन गरेपछि दोस्रो सुपर ओभरमा जित हासिल गर्न सक्यौँ । म धेरै खुशी छु ।'

यसअघि दक्षिण अफ्रिकाले समूहको पहिलो खेलमा क्यानडालाई हराएको थियो । यससँगै अफगानिस्तानले समूहका सुरुवाती २ खेल गुमाउन पुगेको छ । पहिलो खेलमा उसले न्युजिल्यान्डसँग पराजय भोगेको थियो । समूहमा शीर्ष २ टोली मात्र सुपर-८ मा प्रवेश गर्ने भएकाले अफगानिस्तानको सुपर-८ मा पुग्ने सम्भावना कमजोर बनेको छ । बुधबार नै भएको अर्को खेलमा एकपटकको च्याम्पियन अस्ट्रेलियाले विजयी सुरुवात गरेको छ । कोलम्बोको प्रेमादाशा रंगशालामा अस्ट्रेलियाले आयरल्यान्डलाई ६७ रनले हराएको हो ।

टस जितेर सुरुमा ब्याटिङ गरेको अस्ट्रेलियाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १८३ रनको लक्ष्य दियो । जबाफमा आयरल्यान्डले १६.५ ओभरमा सबै विकेट गुमाउँदा ११५ रन मात्र बनायो । जारी प्रतियोगितामा पहिलो खेल खलेको अस्ट्रेलियाले जितबाट यात्रा सुरु गरेको छ । आयरल्यान्डको भने दोस्रो हार हो । आयरल्यान्ड यसअघि आयोजक श्रीलंकासँग पराजित भएको थियो ।

यसैगरी, बुधबार राति सकिएको खेलमा वेस्ट इन्डिजले इंग्ल्यान्डलाई ३० रनले हरायो । इंग्ल्यान्डको यो पहिलो पराजय हो । इंग्ल्यान्डले पहिलो खेलमा नेपाललाई हराएको थियो । यसअघि स्कटल्यान्डलाई हराएको वेस्ट इन्डिजको यो दोस्रो जित हो । यस जितले वेस्ट इन्डिजको सुपर-८ सम्भावना बलियो बनेको छ । बुधबार साँझ मुम्बईस्थित वानखेडे रंगशालामा टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १९६ रन बनाएको थियो । १९७ रनको विशाल लक्ष्य पछ्याएको इंग्ल्यान्ड १९ ओभरमा १६६ बनाएको अवस्थामा अलआउट हुन पुग्यो ।



# 'मेरो उद्देश्य भारतीय ब्याट्सम्यानहरूको प्रशंसा गर्नु थियो'

श्रीलंकाली क्रिकेटर भानुका राजापक्षले भारतीय ब्याट्सम्यानहरूले प्रयोग गर्ने ब्याटबारे दिएको अभिव्यक्तिपछि उत्पन्न विवादमा स्पष्टीकरण दिएका छन् । एक अन्तर्वार्ताका क्रममा उनले भारतीय खेलाडीहरूले प्रयोग गर्ने ब्याट अन्य खेलाडीहरूको भन्दा राम्रो गुणस्तरका र बढी शक्ति दिने खालका देखिएको बताएका थिए । उनले ती ब्याटमा रबरको अतिरिक्त तहजस्तो देखिएको टिप्पणी पनि गरेका थिए । हरि टिभीका पत्रकार लाहिरु मुदालिगेसँग कुरा गर्दै राजपाक्षले भारतीय ब्याट्सम्यानहरूले बढी पावर-हिटिङ गर्न सक्ने विशेष प्रकारका ब्याट प्रयोग गरिरहेको आफूलाई लागेको बताएका थिए ।

उनले ती ब्याट विशेष प्रकारको विलो काठबाट बनेका हुनसक्ने अनुमानसमेत गरेका थिए । 'भारतीय खेलाडीहरूको ब्याट हामीसँग भएका उत्कृष्ट ब्याटभन्दा धेरै राम्रो जस्तो लाग्छ,' उनले भनेका थिए । उनका अनुसार अरूले त्यस्ता ब्याट सहजै किन्न नसक्नेजस्तो अनुभूति भएको थियो । तर उक्त अभिव्यक्तिले विभिन्न अड्कलबाजी निम्त्याएपछि राजपाक्षले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा स्पष्ट पारे । उनले आफ्नो भनाइ गलत अर्थमा लिइएको र सम्भवतः अनुवाद त्रुटिका कारण बंग्याइएको बताए ।

'मेरो उद्देश्य भारतीय ब्याट्सम्यानहरूको प्रशंसा गर्नु थियो । भारतीय क्रिकेट अत्यन्त उन्नत छ – उनीहरूको प्रणाली, पूर्वाधार र उपकरण सबै उच्चस्तरीय छन्,' उनले लेखेका छन् । साथै उनले भारतीय क्रिकेटरप्रति आफूमा उच्च सम्मान रहेको उल्लेख गरेका छन् । राजपाक्षले सोही अन्तर्वार्तामा भारतीय क्रिकेटको बलियो ब्याटिङ संस्कृति र इन्डियन प्रिमियर लिग (आइपिएल) को पनि प्रशंसा गरेका थिए ।

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, मोरङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/१०/२९**

यस कार्यालयको विभिन्न मितिमा PPMO e-procurement portal तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र र दरभाउपत्र आव्हान सम्बन्धी सूचना अनुसारको म्याद भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्र र दरभाउपत्र मध्ये तपसिलमा उल्लेखित आयोजना बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङकित र सारभूत रुपमा प्रभावकारी भई बोलपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) तथा जारी बोलपत्र सम्बन्धि कागजातको ITB 33.1 र ITB 24.1 बमोजिम निजहरुले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract ID | Name of Project | Lowest Evaluated Responsive Bidder | Bid Price (With VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ R/W-188/082-83 | Upgrading Road Milan Chock Dekhi Bal Kendra with Asphalt, Biratnagar - 19, Morang | M/S Halesi Darsan Nirman Sewa, Biratnagar | 2,236,565.16 |
| 2 | IDO/MOR/NCB/ R/W-189/082-83 | Upgrading Road works of Namuna Marg with Drain, Biratnagar - 12, Morang | M/S Goldee Construction, Kathmandu-Tokha | 2,447,604.81 |
| 3 | IDO/MOR/NCB/ R/W-190/082-83 | Kanchanbari Chowk Purano Wada Karyalayadekhi Naya Wada Karyalayasamma Samma Sadak Nirmanbiratnagar 4 Morang | M/S Avion Construction, Dhangadimai Na. Pa12 | 2,214,167.72 |
| 4 | IDO/MOR/SQ/ R/W-51/082-83 | Improving Road Works of Badri Malah chouk dekhi Chhala Phectriy with Asphalt, Biratnagar -17, Morang | M/S Dahaal construction, biratnagar 18 | 1,176,023.96 |
| 5 | IDO/MOR/SQ/ R/W-52/082-83 | Improving Roads works of Purano wada samiti dekhi East hudai Bimla Subediko Ghar hude east Pachim sadak Smidhra lamako ghar Summ with RCC, Biratnagar -16, Morang | M/S Dahaal construction, biratnagar 18 | 889,809.69 |
| 6 | IDO/MOR/SQ/ R/W-53/082-83 | Upgrading Roads of Binshu Marg with RCC, Biratnagar 13, Morang | M/S Bishow Baibhav Consultancy Construction And Supplier Private Limited, Madhyapur Thimi 01,Bhaktapur | 1,498,779.12 |

**Office Chief**